# अध्याय : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभुमि :

नेपाल एक बहुजातीय , बहुभाषिक , बहुसांस्कृतिक र बहुधार्मिक पहिचान भएको देश हो । नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म तथा हिमाल देखि तराईसम्म बसोबास गरेका सबै जातजातिहरु सिङ्गो नेपाली सांस्कृतिका अभिन्न अङगका रुपमा रहेका छन् । २०६८ सालको जनगणना अनुसार नेपाल अधिराज्यभित्र बाहुन , क्षेत्री, यादब, महतो, कुशवाहा, बडही ,अमात, हजाम, कुमहार, धानुक,राई , लिम्बु , सार्की , कामी , दनुवार , चेपे , माझी ,जिरेल, सतार , राउटे , मुसलमान, चमार , बडही , नेवार, थारु , खत्वे, तेली , सुडी, लगायत १२३ भन्दा बढी जातजातीहरु रहेको छन् । साथै यिनीहरुको आ-आफ्नो भाषा , धर्म ,सांस्कृति, संस्कार र भेषभूषाहरुले गर्दा नेपालीत्वको पहिचान गराउन मदत गरेको छ । ( राष्ट्रिय जनगणना, २०६८ ) नेपाली समाज हिन्दु धर्मबाट निर्देशित एवम प्रभावित रहेको छ । यहाँको परम्परागत जातीय विभाजन पनि कठोर किसिमको देखिन्छ । यहाँ हिन्दु वर्णाश्रममा उल्लेख भए अनुसार कामको आधारमा मानिसलाई चार जात क्रमशः ब्राहमण, क्षेत्रीय,वैश्य, शुद्र गरी विभाजन गरिएको छ ।व्यक्तिगत कामको आधारमा जस्तै कृषिमा आधारित पशुपालन गाई,भैसी , बाखा अन्य बाली उत्पादन गर्ने जस्तै धान, गँहु, जौ , मकै, कोदो, उखु, तरकारी बालीहरु काउली, आलु, परवल, भन्टा, टमाटर, दलहन बाली रहर, चना, मसुरो, गहत, तेलहनमा तोरी, आलस, तिल र सुर्यमुखी उब्जाउने गरेका छन् ।

नेपालको मधेश क्षेत्रमा बसोबासरत चमारहरु दलित वर्गमा सूचीकृत गरिएको छ । चमार जातिको नाम संस्कृत बाट भएको मानिन्छ । संस्कृत शब्द चर्मकारको अर्थ छाला सम्बन्धि काम गर्ने र त्यो पेशामा संलग्न व्यक्ति वा जातिलाई बुझिन्छ । हिन्दुधर्म ग्रन्थ मनुस्मृतीमा धर्मकारलाई निसाद बैदेह स्त्रीको सन्तान भनि उल्लेख गरेको पाइन्छ । यिनीहरु राम , रबीदास, दास, रञ्जन, चक्रबर्ती, गाँधी, महरा, मोची, हरीचन लगायतका थरको रुपमा चिनिन्छन् ।

यस अलाबा पनि यिनीहरु राउत मेहरा लगायत नामले पनि चिनिन्छ । चमार जातिको उत्पति कहिले र कसरी भएको हो ? जाति, जातिका विचमा विभाजन कहिले देखि भएको हो ? भन्ने सम्बन्धमा विद्धान्त वर्गहरुले अनेक विचारहरु प्रकट गरेको भए तापनि यस सम्बन्धि विवाद पनि यथावत नै देखिन्छ । तर यस वारेमा हिन्दु धर्मग्रन्थ, पुराण आदिबाट केही जानकारी पाउन सकिन्छ । मानिसको सृष्टि भए देखिने जाति जातिका विचमा विभाजनको रेखा कोरिएको देखिदैन । त्यसबेलाको समाज मानिसहरुले आफनो गुण र योग्यताको आधारमा विभिन्न कार्यहरु गर्दै आएको भए तापनि न त वर्ण व्यवस्था नै थियो न त जात -जातिको आधारमा मानिस-मानिसका विचमा उचता र निचताको भेदभाव नै थियो । ऋग्बेदमा वर्णको उत्पतिको बारेमा चर्चा गर्दै सम्पुर्ण समाजलाई चार वर्णमा विभाजित गरेको पाइन्छ । विश्व पुरुषको मुखबाट ब्राह्मण, पाखुराबाट क्षेत्री , कम्मरबाट वेश्य र पैतालाबाट शुद्रको उत्पति भएको मानिन्छ । वैदिक युग वितेपछि वर्ण र वर्णहरुको काम कर्तव्यहरु सम्बन्धी धारणामा परिवर्तन आउन थाल्यो । यस कालमा एउटा वर्णले जुन काम छ त्यो काम अर्को वर्णले गर्नु हुदैन भन्ने भावनाको विकास हुन थाल्यो । ( खत्री, २०६९)

दलित समुदाय मुलुकको जनसंख्याको ठूलो हिसा आर्थिक रुपले अझै पनि शोषित, सामाजिक रुपले अपहेलित, राजनैतिक रुपले उपेक्षित, मनोबैज्ञानिक रुपले दमित तथा शैक्षिकरुपमा समेत अझै पनि बञ्चित हुदै आईरहेको छ । त्यो शोषित, उत्पिडित तथा उपेक्षित समुदाय भनेको दलित समुदाय हो । हिन्दू वर्णाश्रम जाति व्यवस्था, वि.सं. १९१० को मुलुकी ऐनबाट पानी नचल्ने र छोइछिटो हाल्नु पर्ने जातजाति भनी जातीय भेदभाव एवं समाजमा अछुत मानिएका र सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक तथा धार्मिकरुपमा राज्यको मूलप्रवाहबाट पछाडि पारिएका जातजातिका समुदायलाई दलित वर्ग भनी परिभाषित गरिएको छ । राष्ट्रिय दलित आयोगले जातिय अनुसुची प्रतिबेदनमा उल्लेख गरे अनुसार नेपालमा २६ जात दलित अन्तर्गत पर्दछन् । जस मध्ये तराईका समुदाय अन्तर्गत पानी नचल्ने, छोईछिटो हाल्ने जातिका रुपमा चिनिने जातिहरु कलर, ककैहिया, कोरी, खटिक, खत्वे (मण्डल खड्ग), चमार (राम, मोची, हरिजन, रविदास), चिडिमार, डोम (मलिक), तत्मा (ताँती, दास), दुसाध (पासमान हजरा), धोवी (रजक हिन्दू) पासी, बाँतर, मुसहर, मेस्तर (हलखोर), सरभङग (सरवरिया), नटुवा, ढाँडी, धरिकरर धन्कार लगायतका जातिहरु पर्दछन । त्यस्तै, पहाडका दलित अन्तर्गत कामी, दमाई, सार्की बादी र गाईने लगायतका जातिहरुलाई अनुसूचिमा समावेश गरेका छन् । यसरी दलितहरुको संख्या उल्लेख्य रुपमा हुँदाहुदै पनि उनीहरु निरन्तर समाजिक बिभेदका सिकार हुने कममा भन्ने कुनै कमि

भएको पाइदैन । समाजिक बिभेद र दमनको शक्तिशालि संयोजनको कारण समाजमा उनीहरु दोस्रो दर्जाको नागरिकहरुको रुपमा जिउन बाध्य भएका छन । नेपालको कुल जनसंख्याको १३ प्रतिशत भाग ओगटेको दलितहरु अधिकांश भूमिहीन सुकुम्बासी नै रहेको विभिन्न अध्ययनहरुले देखाएको छ । तराईमा बसोबास गर्ने दलित जात जाति मध्ये जनसंख्याको दृष्टिकोणले चमार जात पहिलो समुहमा रहेको छ । यस समुदायको कुल जनसंख्या २ लाख ६९ हजार ६ सय एकसट्ठी रहेका छन् । जस मध्ये १ लाख ३८ हजार ८ सय ७९ पुरुष छन् भन्ने १ लाख ३० हजार ७ सय ८३ महिला रहेका २०१८ सालको तथ्यांकले देखाएको छ । तराईका रुपन्देही, सिरहा, कपिलबस्तु, बारा, धनुषा, सप्तरी, पर्सा, नबलपरासी, सर्लाही, रौतहट, महोत्तरी र बाँके लगायतका जिल्लाहरुमा यो जातिको जनसंख्या उल्लेख्य रहेको पाईन्छ । यिनीहरु कूल जनसंख्याको ६.९ प्रतिशत साक्षर रहेको तथ्याङ्कले देखाएको छ । बालबालिकाहरुको ठूलो संख्या गरिबी तथा अशिक्षाका कारण बिचैमा विद्यालय छाडने गरेको पाइन्छ ।

यी जातिमा आफ्नै कुल परम्परा अनुसारको देवी देबताहरुलाई समेत पुजा गर्ने गरेको पाईन्छ । ती मध्ये काली, बानी, गोरैया, लुकेश्वरी,  मिरा, हनुमान, कुहेल्नी, थाली, रक्तमाला, नरसिंहलाई मान्ने गरेको पाईन्छ । यसमा आलाबा महामान, रबीदास, सलहेश, कन्दुल ऋषि, डगरिन देबी लगायतका देबी देबताहरुलाई श्रद्धापूर्बक मान्ने गरिन्छ । जस मध्ये रबी दासलाई आफ्नो अग्रजको रुपमा लिएको पाईन्छ । ( पासवान ), “नेपालका दलित जाति र त्यसको अवस्था”।

## १.२ समस्याको कथन

नेपालका मधेशी दलित जातिहरु मध्ये चमार जाति पनि  एक हो । देशको मुख्यत : तराईका रुपन्देही ,सिरहा, कपिलवस्तु , बारा, धनुषा , सप्तरी , पर्सा , नबलपरासी, सर्लाही , रौतहट, महोतरी र बाँके लगायतका जिल्लाहरुमा यो जातिको जनसंख्या रहेको पाईन्छ ।

चमार जातिहरुको पेशा धेरै वर्ष पहिला गाउँ घरमा मरेका पशुहरुलाई ल्याई त्यसलाई काटेर त्यसको छाला ढोलक तबलाहरुमा प्रयोग गर्दथ्यो । ती छालाहरुलाई बेचेर आफ्नो जिविकोपार्जन गर्दथ्यो । चमार जातिका महिलाहरुले गाउँघरका सुत्केरी महिला तथा तिनका बच्चाहरुलाई जातपिच गरी आफ्नो जिवनयापन गर्दथे । अहिले बिस्तारै बिस्तारै छालाको काम छाडी विभिन्न पेशामा लागेको देखिन्छ भन्ने

महिलाहरुले गर्ने जातपिचको काम छाडी विभिन्न पेसामा लागेका छन् । अहिले नेपालमा बसेर यी जातका मानिसहरुलाई आफ्नो पेशाबाट गुजारा नचल्ने हुदाँ स्वदेश लगायत विदेशमा गएर विभिन्न पेसा अँगाल्न बाध्य भएका यी जातिको सामाजिक, साँस्कृतिक, आर्थिक, धार्मिक आदि विभिन्न अवस्थामा पर्न गएको असर अध्ययन गर्नु आवश्यक देखिन्छ । ग्रामिण क्षेत्रमा प्रत्यक्ष सिँचाइको अभावमा र अन्य असुविधाहरुको कारणले गर्दा धेरै जसो मानिसहरुले आफ्नो गाउँ छाडी अन्यत्र बसाई सराई गर्ने चलन र बैदेशिक मूलुकहरु तर्फ पलायन हुने क्रम तीव्र देखिन्छ ।

देशमा मुलुकी ऐन लागु भएको ५३ वर्ष र प्रजातन्त्रको पुर्ववहाली भएको २८ बर्ष विति सक्दा पनि यस जातिहरुको शिक्षा, स्वास्थ्य, आर्थिक विकासका दृष्टिले अति धेरै पछाडि परेको छ । यसैले यस अध्ययनको क्षेत्रका चमार समाजको जन्म देखि मृत्यु सम्म संस्कारहरु, रितिरिवाज र आर्थिक स्थितिमा समुदायको भुमिका के कस्तो रहेको छ । चार्डपर्व परम्परागत मान्यता, रहनसहन, भेषभूषा, लवाई खवाई आदिमा उनीहको सहभागिता कस्तो छ । साथै संस्कृति तथा आर्थिक सुधारको लागि के कस्ता सुझाव तथा सल्लाहको आवश्यकता पर्दछ  आदि समस्याहरुसंग सम्बन्ध भएर यो सोधकर्ता तयार गरिएको छ ।

कुनै पनि विषयको अध्ययन गर्नु केही न केही उदेश्य हुन्छ । उदेश्य विनाको अध्ययन गन्तव्य विनाको यात्रा जस्तै हुन्छ । यसरी गन्तव्य थाहा नहुँदा कहाँ पुग्नु पर्ने हो र कुन दिशा जानुपर्ने हो थाहा हुदैन त्यस्तै उदेश्य विनाको अध्ययन पनि कुन विषय के को बारेमा र कति गहिराई सम्म अध्ययन गर्नु पर्ने हो थाहा हुदैन त्यस्तै अध्ययन अनुसन्धानको लागि स्पष्ट रुपमा उदेश्य निर्धारन गर्नुपर्ने भएकोले कल्याणपुर नगरपालिका-३ का चमार जातिका सामाजिक सांस्कृतिक तथा आर्थिक अवस्थाको समाजशास्त्रीय अध्ययन गर्नु उदेश्यहरु निम्न अनुसार रहेका छन् ।

## १.३ अध्ययनको उदेश्यहरु

(क) चमार जातिको सामाजिक सांस्कृतिक तथा आर्थिक स्थितिको अध्ययन गर्नु ।

(ख) चमार जातिको जिवनशैलीको अध्ययन गर्नु ।

(ग) चमार जातिको चाडपर्वको अध्ययन गर्नु ।

(घ) चमार जातिको संस्कारको अध्ययन गर्नु ।

(ङ) सम्बन्धित पक्षको लागि सुझाव प्रस्तुत गर्नु ।

**१.४ अनुसन्धानात्मक प्रश्नहरु**

चमार जाति सामाजिक आर्थिक शैक्षिक राजनैतिक रुपले पछाडि परेका समुदाय मध्ये पर्दछन् । त्यसैले यिनीहरुको समस्याको पहिचान गरी निराकरण गर्नुपर्ने आवश्यकता देखिएकाले निम्न प्रश्नका आधारमा समस्याको निकास खोज्ने प्रयत्न गरिएको छ । त्यसैले यो अध्ययन निम्न अनुसन्धानात्मक प्रश्नमा आधारित छ ।

क) यस अध्ययन क्षेत्रका चमारहरुको सामाजिक सांस्कृतिक अवस्था कस्तो छ ?

ख) यस अध्ययन क्षेत्रका चमारहरुको आर्थिक अवस्था कस्तो छ ?

ग) स्थानीय एव्म अन्य जातिहरुसँग यिनिहरुको सम्बन्ध कस्तो छ ?

घ) सामाजिक , शैक्षिक , राजनीतिक स्थितिबाट अलगिएर यस जाति समाजमा बस्नु परेको कारण के हो ?

माथिको यिनै विभिन्न पक्षहररू सम्बन्धी यस अध्ययन क्षेत्रका चमारहरुको यथार्थ अध्ययन अनुसन्धान गर्नु यस सोधकर्ताको प्रमुख दायित्व रहेने छ ।

### १.५ अध्ययनको महत्व

यस अध्ययनले अध्ययन क्षेत्र अन्तर्गत बसोबास गर्ने चमार जातिहरुको सामाजिक सांस्कृतिक तथा आर्थिक अवस्थाको अध्ययन गरी अगामी दिनहरुमा अध्ययन गर्न चाहने अनुसन्धानकर्ताहरु, समाजशास्त्र शोध कार्य गर्ने छात्र छात्रा लगायत गैर सरकारी संघ संस्थाहरुलाई समेत योजना तर्जुमा गर्न र नीति नियमहरु बनाउन सहयोग पुग्ने छ । साथै सामाजिक सांस्कृतिक विकास र आर्थिक उन्नतिका लागि निर्माण गरिने राष्ट्रिय नीति नियम तथा योजना तर्जुमा यसले सहयोग गर्ने छ । त्यसैगरी सामाजिक रितिरिवाज तथा आर्थिक अवस्थावारे अध्ययन गर्ने जो कोहीका निम्ति अध्ययन सहयोग बन्ने छ । यसले समाजशास्त्र विषयको आंशिक आवश्यकता परिपूर्ती गर्नेछ । चमारहरुको सामाजिक सांस्कृतिक पक्षको अध्ययन गर्ने अध्यनकर्तालाई सहयोग पुग्नेछ । दलित प्रतिष्ठानलाई नीति नियम बनाउन मदत गर्ने । स्थानीय गैरसरकारी, सरकारी संघसंस्थालाई कार्य संचालनको लागि श्रोत पुग्नेछ ।

### १.६ अध्ययनको सीमा

कुनै पनि खोज तथा अध्ययन अनुसन्धान कार्य सञ्चालन गर्दा त्यसको सीमा निर्धारण गरिनु पर्ने जरुरी हुन्छ । सीमा निर्धारण गरिनुको प्रमुख कारण भनेको सबै पक्षको एकै पटक अध्ययन अनुसन्धान गर्न नसक्दा त्यसको प्रतिनिधिमूलक क्षेत्र वर्ग र समुदायको अध्ययन गरी समग्रमा तुलना गर्नु हो । साथै समय र अर्थतन्त्रको अभाव, जनशक्तिको अभाव ज्ञानको अभाव जस्ता विविध समस्यालाई मध्यनजर गर्दै अध्ययनको सिमा निर्धारण गर्ने गरिन्छ । जसले अध्ययन अनुसन्धान वा खोज कार्यबाट प्राप्त सुचना तथा तथ्याङ्कको वैधानिकता र विश्वसनीयतामा समेत मद्दत गर्दछ ।

यसमा अध्ययनका लागि वार्ड नं.३ लाई गरिएको भए तापनि उक्त क्षेत्र बसोबास गर्ने अन्य जातिहरुको अध्ययन नगरी यस अध्ययनले विशेष गरी चमार जातिको बस्ती भएको क्षेत्रलाई मात्र समेट्ने प्रयत्न गरेको छ । यस अध्ययनमा चमारको थोरै घरधुरीलाई मात्र अध्ययन गरिएकोले नेपालभरी बसोबास गर्ने चमार जाति सबैको सम्बन्धि प्रतिनिधित्व गर्न सक्दैन् । केही कुराहरु मिल्न गएतापनि यस अध्ययनमा चमार जातिको सामाजिक सांस्कृतिक तथा आर्थिक अवस्थालाई मात्र समेटने गरी परिणामलाई अन्य चमारहरुको विभिन्न अवस्थासंग दाँज्न मिल्ने देखिदैन ।

यस क्षेत्रमा बसोबास गर्ने चमारहरुको सामाजिक सांस्कृतिक तथा आर्थिक अवस्थामा परेका प्रभाव सम्बन्धि प्रकाशित कृतिहरूको अभावमा शोधकर्ता आफैले संकलन गरेको तथ्याङ्कका आधारमा आफ्नो प्रतिवेदन तयार गरिएको छ ।

कल्याणपुर नगरपालिका वाड नं.३ मा रहेको ५६ घरधुरीमा रहेको २३७ जनामा मात्र सिमित रहेर यो अध्ययन अनुसन्धान गर्न लागिएको हुदाँ सम्रग नेपालका चमारहरुको प्रतिनिधिका रुपमा यो अध्ययन सामान्यीकरण नहुन पनि सक्छ ।

आफ्ना उद्देश्य प्राप्ति निश्चित प्रश्नको आधारमा निश्चित (छोटो) समयमा लिइएको जानकारी, सुचना र यसको नतिजालाई भौगोलिक अवस्थित, उत्तरदाताको बुझाइ व्यक्तिको शैक्षिक योग्यता प्रश्नकर्ताको प्रश्न गर्ने  शैलि, ज्ञानको दायरा अध्ययनमा प्रयोग गरिएका सामग्री भाषा प्रस्तुतिको मिठासपनले समेत खोज तथा अध्ययन अनुसन्धानमा  प्रभाव पार्न सक्छ । आफ्नो शैक्षिक उपाधि प्राप्तिका लागि यसरी गरिएको अध्ययन अनुसन्धानको निष्कर्षले सबै ठाउँमा मेल नखान वा मान्य नहुन पनि सक्छ । त्यसकारण यस अध्ययन आफुले जे देखियो र उत्तरदाताबाट आएको उत्तरलाई जस्ताको त्यस्तै प्रस्तुत गरिएको छ ।

### १.७ अध्ययनको सङ्गठन

प्रस्तुत सोधपत्रको अध्ययन एकमा परिचय अन्तगर्तको पृष्ठभुमि , समस्याको कथन , अध्ययनको उद्देश्यहरु, अध्ययनको महत्व, अनुसन्धानात्मक प्रश्नहरु, अध्ययनको सीमा र अध्ययनको सङ्गठन आदि रहेको छ । अध्याय दुईमा सन्दर्भ साहित्यको समीक्षा अन्तर्गत सैद्वान्तिक मेल रहेको छ । अध्याय तीनमा अनुसन्धान ढाँचा, अध्ययन क्षेत्र छनौटको औचित्य, तथ्याङ्क स्रोत र प्रकृति, समग्र जनसंख्या तथा नमूना , तथ्याङ्क संकलन विधि तथा उपकरणहरु, तथ्याङ्क विश्लेषण तथा प्रस्तुति तथ्याङ्कको वैधता र विश्वसनियता, नैतिक आचरण रहेको छ । अध्याय चारमा तथ्याङ्क संकलन , विश्लेषण र प्रस्तुति रहेको छ । यस भित्र अध्ययन क्षेत्रको चमार जातिहरुको सामाजिक सांस्कृतिक तथा आर्थिक पक्षहरुमा उनीहरको सहभागिता रहेको छ भने अन्तिम अध्याय पाँचमा अध्ययनको सारांश, निष्कर्ष र सुझावहरु समेटिएको छ ।

## अध्यायः- दुई

## सन्दर्भ साहित्यको समीक्षा

### २.१ सैधान्तिक समीक्षा

पहिला भएको अध्ययन अनुसन्धानको सांराश समालोचना र मूल्यांकन नै पूर्व साहित्यको समीक्षा हो । जसले अनुसन्धानकर्तालाई सम्बन्धित अध्ययन किन गर्न लागेको हो भन्ने बारेमा स्पष्ट गर्न सहयोग गर्दछ । यस अध्ययनसंग सम्बन्धित पूर्व साहित्यको समीक्षालाई सैधान्तिक समीक्षा, अवधारणात्मक ढाँचा र सैद्धान्तिक मेल व्यवहारिक गरी तीन भागमा विभाजन गरिएको छ ।

नेपालको भु-भागमा बस्ने विभिन्न जनजातिहरुको विस्तृत अध्ययन गरी धैरे स्वदेशी एंव विदेशी विज्ञानहरुले थुप्रै कृतिहरु प्रकासित गरेका छन् । जसले गर्दा नयाँ पिढिका लागि नयाँ कृतिहरु प्रकासित गर्न थप योगदान मिलेको छ । तिनै प्रकासित विभिन्न कृतिहरुबाट पनि यो शोधकार्य तयार गर्न मद्दत पुगेको छ र यहाँ उक्त कृतिहरुलाई समेत आधार बनाई यस चमार जातिको अध्ययन अनुसन्धान कार्य लाई अगाडि बढाइएको छ ।

नेपालका विद्धानहरुमा डोर बहादुर विष्टको योगदानलाई जातीय अध्ययनको रुपमा विशिष्ट स्थान दिन सकिन्छ । उनले पिपुल अफ नेपाल (१९७६) मा देशका धैरे जनजाति समेटेको छ । विष्टले सबै जातको फूलवारी (१९३५) मार्फत नेपालका जाति जनजातिको सामाजिक, आर्थिक र सांस्कृतिक पक्षको अध्ययन गरेका छन् ।

प्रयाग राज शर्मा एक सामाजिक विश्लेषक छन् उनको यो National Building multi-Ethnicity and The Hindu State नामको लेख Nationalism and Ethnicity In a Hindu Kingdom नामको पुस्तकमा नेपालको राष्ट्र निर्माण प्रक्रियाको ऐतिहासिक विकास क्रमको बहुपक्षीय प्रकृयाका बारेमा उल्लेख गरिएको छ । लेखकले जनजातियता र जनजाति राजनितिका वारेमा पनि चर्चा गरेका छन् । जहाँ उनले सन् १९९० पछि जनजातिय पहिचान रहेको विभिन्न जनजातिका विषयहरु प्रजातान्त्रिक प्रकृया मार्फत समाधान गर्न सकिने तर्कहरु विकास भएको सन्दर्भ औल्याएका छन् । लेखकका अनुसार सन् १९८० को दशक देखि नै नेपालमा जनजाति पहिचानका आन्दोलनहरु

भएका थिए तर २०५५ सालको सिनो वहिष्कार आन्दोलन (चमार आन्दोलन) पछि चमार जातिको पहिचान र अधिकारको लागि यिनीहरुमा केही परिवर्तन भएको देखिन्छ ।

लेखकले राष्ट्र निर्माण र जनजातीय पहिचानलाई आर्थिक राजनैतिक तथा सामाजिक सास्कृतिक सर्न्दभमा राखेर बुझ्न सकिने तर्क राखेका छन् ।

यस शोध-पत्रमा पनि चमार जातिको सामाजिक सांस्कृतिक तथा आर्थिक अवस्थामा कस्तो परिवर्तन र चुनौति के कस्तो छ ? अन्य जातिहरुले यिनीहरुको बारेमा हिजोको भन्दा आज के कस्तो धारणा बनाउदै गइरहेका छन् सो को विषयमा हेर्न खोजिन्छ ।

नेपालमा दलित जातिय पहिचानको विषय र सवाललाई ऐतिहासिक विशिष्टता भित्र राखेर हेर्न र बुझ्न सकिन्छ । समाजमा सामाजिक एकाईहरुको सक्रियता र तिनीहरुले गर्ने प्रकार्यलाई सार्वभौम सामाजिक प्रकियाका रुपमा लिन्छ । समाज र सामाजिक व्यवस्था त्यसमा संग्लन एकाईहरुको प्रकार्यवाद संचालित छ । यसैले जहाँ सामाजिक व्यवस्था छ त्यहाँ प्रकार्य रहन्छ । प्रत्येक एकाईले व्यवस्थामा रहेर सकारात्मक भुमिका निर्वाह गरेका हुन्छन् भन्ने मान्यता राखिएको छ ।

चमार नेपालको मधेशी दलित जातिहरु मध्ये एक जाति हो । यस जातिको समग्रतालाई झल्काउने गरी प्रर्याप्त पुस्तकहरु प्रकाशित भएका छन् । यस अध्ययनमा उपलब्ध भएसम्मका चमार जातिको बारेमा प्रकाशित विविध पुस्तक, पत्र-पत्रिका आदिको अध्ययन तथा विश्लेषण गरी प्रस्तुत गरीएको छ । कल्याणपुर नागरपालिका - ३ मा जम्मा घरधुरीहरु ९३७ भएकोमा त्यस मध्ये नमूना छनौटका लागि चमार जातिको जम्मा ५६ घरधुरीमा २३७ जना मध्ये १०२ जना महिला र १३५ जना पुरुष रहेका छन् । चमारहरु क्षेत्रीय वर्गको जाति हुन र तिनीहरुको मुख्य पेशा छाला सम्बन्धी भएतापनि अहिले कृषि खेतीपाती, गाई, भैसी पाल्ने, विभिन्न तरकारीका खेतीहरु गरी आफै खुद्रा तथा थोक मूल्यमा विक्री वितरण गर्ने स-साना घुम्ते व्यापार व्यावसाय गर्ने अध्ययन गर्दा देखिएको छ ।

नेपालको दलित समुदाय मध्ये चमार जाति बारेमा “चमार आन्दोलनको अन्योल र वास्तविकता” २०५६ शिव कुमार महराद्धारा लेखिएको पुस्तकमा यो जातको पहिचान, सम्मान, अवस्था, स्वतन्त्रताको वारेमा लेखिएको छ ।

नेपाली समाजमा जातिय बनावट यसले पारेको अध्ययनको क्रममा विष्ट (१९७२) द्धारा लिखित सबै जातको फुलवारी नामक पुस्तकमा बाहुन, क्षेत्री लगायत नेपालका थुप्रै जनजातिको सामाजिक, आर्थिक तथा साँस्कृतिक पक्षको अध्ययन गरेको छ ।

दलित समुदाय मुलुकको जनसंख्याको ठूल्लो हिसा आर्थिक रुपले अझै पनि शोषित, सामाजिक रुपले अपहेलित, राजनैतिक रुपले उपेक्षित, मनोबैज्ञानिक रुपले दमित तथा शैक्षिकरुपमा समेत अझै पनि बञ्चित हुदै आईरहेको छ । त्यो शोषित, उत्पिडित तथा उपेक्षित समुदाय भनेको दलित समुदाय हो । हिन्दू वर्णाश्रम जाति व्यवस्था, वि.सं. १९१० को मुलुकी ऐनबाट पानी नचल्ने र छोइछिटो हाल्नु पर्ने जातजाति भनी जातीय भेदभाव एवं समाजमा अछुत मानिएका र सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक तथा धार्मिकरुपमा राज्यको मूलप्रवाहबाट पछाडि पारिएका जातजातिका समुदायलाई दलित वर्ग भनी परिभाषित गरिएको छ । राष्ट्रिय दलित आयोगले जातिय अनुसुची प्रतिबेदनमा उल्लेख गरे अनुसार नेपालमा २६ जात दलित अन्तर्गत पर्दछन् । जस मध्ये तराईका समुदाय अन्तरगत पानी नचल्ने, छोईछिटो हाल्ने जातिका रुपमा चिनिने जातिहरु कलर, ककैहिया, कोरी, खटिक, खत्वे (मण्डल खड्ग), चमार (राम, मोची, हरिजन, रविदास), चिडिमार, डोम (मलिक), तत्मा (ताँती, दास), दुसाध ( पासमान हजरा), धोवी (रजक हिन्दू) पासी, बाँतर, मुसहर, मेस्तर (हलखोर), सरभङग (सरवरिया), नटुवा, ढाँडी, धरिकरर धन्कार लगायतका जातिहरु पर्दछन । त्यस्तै, पहाडका दलित अन्तरगत कामी, दमाई, सार्की बादी र गाईने लगायतका जातिहरुलाई अनुसूचिमा समावेश गरेका छन् । यसरी दलितहरुको संख्या उल्लेख्य रुपमा हुदाहुदै पनि उनीहरु निरन्तर समाजिक बिभेदका सिकार हुने क्रममा भन्ने कुनै कमि भएको पाइदैन । समाजिक बिभेद र दमनको शक्तिशालि संयोजनको कारण समाजमा उनीहरु दोस्रो दर्जाको नागरिकहरुको रुपमा जिउन बाध्य भएका छन । नेपालको कूल जनसंख्याको १३ प्रतिशत भाग ओगटेको दलितहरु अधिकाँश भूमिहीन सुकुम्बासी नै रहेको विभिन्न अध्ययनहरुले देखाएको छ ।

यस जातहरुले परम्परागत रुपमा सिनौ फाल्ने, गाउँ कमाउने (सुडेनीको काम), ढोल बाजा गाजा बनाउने, जुत्ता बनाउने गर्दथ्यो । यिनीहरु विभिन्न किसिमको बाजाहरु विभिन्न कार्यक्रमहरुमा बजाउदै थियो । जस्तै : ढोल, भठीया, पिपही, नगेरा, झुनझना, सरनाई आदि ।

तर यिनीहरुमा अब चेतनाको विकास भई आर्थिक रुपले अगाडी बढेको देखिन्छ । आर्थिक अवस्थामा अध्ययन गर्दा यी वर्ग जात जातिहरु एकदमै कमजोर छन् । उनीहरुमा अझपनि अशिक्षा, सामाजिक कुरीति शोषण उत्पीडन एवं विभिन्न व्यवधानका साथै पौराणिक मान्यता अनुरुप परम्परागत पेशाका रुप लिइएका छन् । अधिकांश परिवार अहिले पनि पुर्खौली पेशामा नै मगन रहेका छन् । तर हालमा चमार जातिका सामुदायमा सुधारहरु देखिदै आएको देखिन्छ । खेतीपाती गर्दा वैज्ञानिक ढङ्गबाट गर्ने गरिएको छ । समय अनुसार बालीनालीमा औषधीजन्य पदार्थहरु प्रयोग गरी थौरे खेतीजन्य ठाउँमा बढी उत्पादन गर्न खोजी रहेका छन् । मेहेनत गरी उत्पादन गरेको बाली सागसब्जी हाट बजारमा बिक्री वितरण गरी थोरै भएपनि आर्थिक सम्पनतातिर लम्कने प्रयास गरी रहेको देखिन्छ । झन्डै लागत र उत्पादन बराबर भएको र आधुनिकता बढदै गएकोले आम्दानी अनुसार पारिवारीक खर्च पनि बढ्दै गएको छ । परिवारका सबै सदस्य एकनास नभएको कोही सदस्य मेहनेती त कोही कम मेहनेती भएकोले उत्पादनबाट आएको रकमको सही सदुपयोग नभएको शोधकर्ताको ठहर रहेको छ ।

मिठो खानेकुरा लागु पदार्थको बढी प्रयोग टि.भी. हेर्ने अनलाइन, फेशबुक, ट्वीटर आदि चलाएर समय खेर फाल्ने फेसन पनि व्यापक देखिएको छ । यस्ता क्रियाकलापबाट कम फाइदा र बढी बेफाइकदा भएको देखिन्छ ।


दलित वर्गको शैक्षिक अवस्था ज्यादै नाजुक छ तर चमार जातिको शैक्षिक अवस्था थौरे सम्हालिएको जस्तो छ महिलाहरुको औषत साक्षरता ज्यादै न्यून रहेको छ ।

राजनैतिक अवस्था हेर्दा अहिले पनि चमार जातिहरुका राजनिति र राज्यको शासन प्रशासन चलाउन कार्यको जिम्मेवारी बोधको अभाव छ । सामाजिक मान्यता अनुरुप यिनीहरुको राजनितिमा सहभागिता एकदमै कम छ । जातिय एवं क्षेत्रिय बिभेद दुबै मारमा चमार वर्गका जात परेका चमार राजनैतिक दलहरुमा पनि मजदुरको रुपमा देखा परेका छन् ।

संरचानात्मक प्रकार्यवादी दृष्टिकोणले समाज सँस्कृतिको बनावट र यसको कार्यको बारे अध्ययन गर्ने गरेको छ । चमार समाजको बनावट ऐतिहासिक बिकास क्रम समाज निर्माणमा साँस्कृतिको भुमिका समाज र साँस्कृतिको बीचको प्रकार्यात्मक सम्बन्ध, समाज र साँस्कृतिको आधारभूत एकाईहरु र ती एकाईको अन्तरनिर्भरता सामाजिक संरचनाको निर्माणमा सघाउ पुऱ्याउने आर्थिक, राजनितिक, धार्मिक

जस्ता पक्षहरुको अन्तरसम्बन्ध रहेको विभिन्न पक्षहरुको विश्षलेषण गर्न यो शोधमा अध्ययन गरिएको छ ।

## २.२ **अवधारणात्मक ढाँचा**




माथिको तालिका अनुसार शोध अध्ययनमा समावेश गरिएको शोध शीर्षक अनुसार चमार जातिको साँस्कृतिक तथा आर्थिक अवस्थालाई प्रमुख रुपमा लिइएको छ । जस अन्तर्गत उनीहरुको जन्म देखि मृत्युसम्म र मृत्युपश्चात् गरिने विभिन्न संस्कारहरु, लवाई-खवाई, भेषभुषा, परम्परागत मान्यता, रितिरिवाज, चार्ड पर्व, शैक्षिक अवस्था, आर्थिक गतिविधि, वैवाहिक पद्धति आदिलाई समावेश गरिएको छ ।

चमार समुदायमा विभिन्न परिवर्तनहरु आएको देखिन्छ । यस समुदायमा चन्दै आएको परम्परागत रितिरिवाज चाडपर्व, भेषभूषा र साँस्कृतिमा आधुनिकताको प्रभाव वढ्दै गएको देखिन्छ । जसमा उनीहरुको शैक्षिक अवस्था र आर्थिक अवस्थामा पहिलेको तुलनामा सुदृढ भएको अर्थात अशिक्षित बाट शिक्षित बढदै गएको र आर्थिक र विपन्नताबाट अलि आर्थिक सम्पन्नतातिर लम्केको देखिन्छ । लवाई-खवाईमा, पहिरणमा, आधुनिकताको साधान (मोवाईल, ल्यापटप, नेट, इटरनेट, फेशवुक, ट्यूटर,

वाट्सप, म्यासेन्जर, पत्र-पत्रिका, समाचार सुन्ने, टि.भी. च्यानलहरुको प्रयोग, राजनितिक समाचार, वैज्ञानिक खवर खेलकुदका खवरहरु) आदि मनोभावना बढेको महसुस पनि यस अध्ययनले देखाएको छ ।

## २.३ **सैधान्तिक मेल**

यस अध्ययनको सिद्धान्त प्रकार्यात्मक अभिभाज्यताको मान्यता (Postulates Of Functional indispansibility) अनुसार सामाजिक व्यवस्थामा रहेको एकाइहरु र तिनले निर्वाह गर्ने भूमिकालाई हटाएर वा समाजको कुनै अङ्गलाई व्यवस्था गरेर समाजको राम्रो विश्लेषण हुन सक्दैन । जसरी शरीरमा त्यसका अङ्गहरु जस्तै सामाजिक व्यवस्थामा त्यसका एकाईहरुलाई अलग गर्न सक्दिैन् भन्ने मान्यता यस दृष्टिकोणमा पाईन्छ । यो मान्यतालाई पनि आर. के. मर्टनले पुनर व्याख्या गरेका छन् । समाजमा भाग समग्रता र संरचनाबीचको सम्बन्ध रहेका छन् । यस दृष्टिकोण अनुसार समाज विभिन्न भाग उपभाग तथा व्यक्तिगत एकाईहरु मिलेर बनेको हुन्छ । सामाजिक व्यवस्थामा अनेको समग्रता र त्यस सँग सम्बन्धित एकाईहरु छन् । यी समग्रता (Whole) संचालनमा त्यस भित्रका एकाईहरुको प्रकार्यात्मक सम्बन्धको निकै ठूलो भुमिका निर्वाह गर्दछ । सामाजिक व्यवस्थामा समाजमा विभिन्न भाग र उपभाग हुन्छन । त्यस भित्र रहने व्यक्तिगत एकाईको सम्बन्धले भाग र उपभागहरु बीचको सम्बन्धले संरचना अस्तित्वमा रहन्छ भन्ने मान्यता यस शोधपत्रमा उल्लेख गर्न खोजिएको छ ।

यस अध्ययनमा चमार जातिहरुको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्थाको विश्लेषण गरिएकोले संख्यात्मक तथ्याङ्कका साथै गुणात्मक पक्षमा बढी जोड दिइएको छ । त्यसैले यी पक्षलाई एउटा श्रेणी बद्ध देखाउन खोजिएकोले यो अनुसन्धानको ढाँचा वर्णात्मक छ ।

संघर्षमा भन्दा सहमतिमा जोड (Fofused on censensul rather than conflict) दृष्टिकोणले शोधकर्ताले सामाजिक व्यवस्थालाई एउटा स्थिर अवधारणा मान्दछ । जस भित्र द्वन्द्ध, बिरोध तथा संघर्ष रहदैन । यस्ता प्रकृयाले सामाजिक व्यस्थालाई विखण्डीत गर्दैछन भन्ने मान्यता रहेको पाइएको छ । यसमा समाजमा द्वन्द्ध छ भन्ने मान्यता राखिएको हुदैन । प्रत्येक खालका साना मसिना अन्तर बिरोधहरु केवल सामाजिक सन्तुलनकै लागि क्रियाशिल छन भन्ने ठानिन खोजेको छ ।

**Talcott Parsons** का अनुसार " कुनै पनि समाजमा मानिसहरु उच्च र निम्न तहमा विभाजन हुने प्रक्रिया स्तरीकरण हो । यस प्रकार समाजका विभिन्न पक्षमा उच्च, मध्य, निम्न तहमा विभाजन हुनु नै सामाजिक स्तीकरण हो । सबै समाजमा सदस्यहरु काम कर्तव्य र अधिकार आदिका आधारमा विभिन्न तहमा  विभाजन हुनु नै सामाजिक स्तीकरण हो । "

**Maclonsis:** का अनुसार समाजका सम्पुर्ण मानिसहरुलाई तह-तहमा स्तरीकृत गर्ने प्रणाली नै सामाजिक स्तरीकरण हो ।

## अध्याय-तीन

## अनुसन्धान विधि

यस अध्ययनको लागि अपनाइएको अनुसन्धान ढाँचा, अध्ययन क्षेत्रको छनोट, तथ्याङ्क सङ्कलन विधि तथा तथ्याङ्क विश्लेषण निम्न अनुसार गरिएको छ ।

### ३.१ अनुसन्धानको ढाँचा

अनुसन्धान कार्यको तार्किक तथा व्यवस्थित निर्देशन नै अनुसन्धान ढाँचा हो । प्रस्तुत अध्ययनको उदेश्य अनुसार चमार जातिको धर्म, पारिवारिक वनावट, चाडपर्व, भेषभूषा, आर्थिक गतिविधि जस्ता समाजिक साँस्कृतिक पक्षहरु सम्बन्धित तथ्याङ्क संकलन र विश्लेषण गरी वास्तविकताको खोजि गर्नका लागि विश्लेषनात्मक, अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । वर्णात्मक अनुसन्धान ढाँचाले संकलित सूचना, तथ्याङ्क तथा जानकारीहरु संख्यात्मक रुपमा प्रस्तुत गर्दछ ।

### ३.२ अध्ययन क्षेत्रको छनौट र औचित्य

यस चमार जातिको समाजशास्त्रीय अध्ययन लागि कल्याणपुर नगरपालिकालाई नै अध्ययन क्षेत्रको छनौटको रुपमा लिइनुको कारणहरु यस प्रकार छन् ।

चमार जातिको बसोवास प्राय : मधेशका सबै जिल्लाहरुमा भएको भए तापनि सिरहा जिल्लामा रहेको अन्य क्षेत्रको तुलनामा यस कल्याणपुर नगरपालिका वार्ड नं. -३ मा केही बढी नै चमार बसोवास गर्दछन् । यस क्षेत्रमा यादब, कुर्मी, साह, तेली, बनिया, खत्बे, मुसहर, चमार, बड्ही, ब्राह्मण, गुप्ता, हलुवाई , डोम आदि जातिहरुको बसोवास गरिरहेको भएतापनि यो  स्थानको चमारहरुको वारेमा कसैले पनि अध्ययन अनुसन्धान नगरेको तथा अध्ययनकर्ता त्यस स्थानको चमार समाजिक साँस्कृतिक तथा आर्थिक अवस्थासँग विशेष रुपले परिचित भएको कारणले गर्दा अध्ययनको लागि सो स्थान छनौट गरिएको छ ।

## ३.३ तथ्याङ्कको स्रोत तथा प्रकृति

कुनै पनि विषयमा अध्ययन अनुसन्धान गर्नका लागि त्यससँग सम्बन्धित सामाग्रीहरुको नितान्त आवश्यक पर्दछ । सामाग्री विना अध्ययन कार्य अधुरो हुनुको साथै लक्ष्य प्राप्तिमा कठिनाई आउन सक्छ । तयसैले यो अध्ययनमा प्राथमिक र द्वितीय स्रोतको प्रयोग गरिनेछ । प्राथमिक स्रोत अन्तर्गत अन्तरवार्ता, अवलोकन, प्रश्नावली आदिबाट अध्ययनको लागि चाहिने आवश्यक जानकारी तथा तथ्याङ्क सङ्कलन गरिएको छ । द्वितीय स्रोत अन्तर्गत केन्द्रिय तथ्याङ्क विभाग, अन्य सरकारी तथा गैर सरकारी निकाय नगरपालिकाबाट प्राप्त अभिलेख आदिलाई लिएको छ । विभिन्न लेखकहरुले लेखेको पूर्व प्रकाशित पुस्तकहरु पनि द्वितीय स्रोतको रुपमा लिइएको छ ।

## ३.४ अध्ययनको समग्रता र नमूना छनौट

यस अध्ययन क्षेत्र भित्र विभिन्न जातजातिहरु बसोवास गरिरहेका भएतापनि चमार जातिको सांस्कृतिक अवस्थाको वारेमा सूचना सङ्कलन गर्न नमूना छनौट प्रक्रिया अबलम्वन गरिने छ । यस अन्तर्गत ५६ घरधुरीका ४३.०३% महिला र ५६.९६ पुरुषहरु उदेश्यात्मक नमूना छनौट रुपमा लिइएको छ । जसमा समान्य प्रश्नोत्तरको माध्यमबाट घरपरिवारका महिलाहरुसंग प्रश्नावलीको प्रयोग गरि तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलनका विधि तथा उपकरणहरु

अध्ययन अनुसन्धानलाई आवश्यक पर्ने महत्वपूर्ण तथ्याङ्क प्राप्त गर्नको लागि निम्न लिखित विधिहरु अपनाएका छन् । जसले अनुसन्धानलाई यर्थात धरातलमा लान मदत पुगोस् । कुनै पनि विषयको अध्ययन सम्पन्न गर्नको लागि विभिन्न किसिमको अनुसन्धानका चरणहरुको बारेमा यथार्थ जानकारी हुनु पर्दछ । अन्यथा अनुसन्धानले मूल रुप लिन सक्दैन् । त्यसैले यस अध्यायमा अध्ययन क्षेत्र छनौटको औचित्य, अनुसन्धानको ढाँचा, तथ्याङ्कको प्रकृति, स्रोत नमूना सर्वेक्षण, तथ्याङ्क विश्लेषण विधिको बारेमा छलफल गरिएको छ जसको मदतबाट यो अध्ययनलाई तथ्याङ्क विश्लेषणको आधारमा पूर्णता दिन सकिन्छ ।

### ३.६ प्राथमिक स्रोत

#### ३.६.१ अन्तरवार्ता

सूचनादाताहरुसँग प्रत्यक्ष भेटी प्राथमिक तथ्याङ्क सङकलन गर्ने एक महत्वपूर्ण विधि अन्तर्गत हो । यो एउटा महत्वपूर्ण आमुन्नेसामुन्ने विधि हो । यसले शोध कार्यलाई वास्तविकताको नजिक लैजान यहाँको सामाजिक तथा आर्थिक परिवेशको स्थिति पहिल्याउन सांस्कृतिक मूल्य र मान्यता, पारिवारिक, निर्णय एव्म संरचना आदिको बारेमा जानकारी लिनको लागि यस विधिको प्रयोग गरिएको छ । जस अन्तर्गत यस समुदायका महिलाहरु तथा पुरुषहरुसंग प्रत्यक्ष अन्तर्वाताको माध्यमबाट प्रश्नहरु सोधी यस जातिको विगत, वर्तमान र भविष्यको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्थाका जानकारी थाहा पाउनको लागि यो विधि प्रयोगमा ल्याइएको छ ।

#### ३.६.२ अवलोकन

शोधकर्ता घटना स्थलमा आफै उपस्थित भई सम्बन्धित घटनालाई यथास्थिती मै व्यवस्थित किसिमले निरीक्षण गरी तथ्याङ्क सङ्कलन गर्ने प्रविधि नै अवलोकन हो । अन्तरवार्ताको माध्यमबाट आउन नसकेका गोप्य तथ्याङ्क र उत्तरदाताले भन्न नचाहेका कतिपय व्यक्तिगत कुरा र विचारहरुको तथ्याङ्क सङ्कलन गर्न यो विधिको प्रयोग गरिएको छ । जस अन्तर्गत अध्ययनकर्ता स्वंयम अध्ययन क्षेत्रमा गई त्यहाँका बासिन्दाहरुको रहनसहन रीतिरिवाज, संस्कार, चाडपर्व, विवाह ब्रतबन्ध, खानपिन, घरका आकार प्रकार लगाएत अन्य सामाजिक, साँस्कृति तथा आर्थिक क्रियाकलापहरु अवलोकन गरी यस शोधमा समावेश गरिएको छ । जुन कार्यको लागि विशेष गरेर विहान र रातीको समयलाई प्राथमिकतामा राखिएको पाइन्छ ।

### ३.६.३ जानकार व्यक्तिहरुसँगको अन्तर्वाता

यस अध्ययन क्षेत्रका चमारहरुको ऐतिहासिक पृष्ठभुमि, धर्म, संस्कार, परम्परा, समग्र, संस्कृति, सामाजिक तथा आर्थिक अवस्थाको यथार्थ जानकारी लिने क्रममा सम्बन्धित क्षेत्रमा अवस्थित विभिन्न जानकार व्यक्तिसंग प्रश्न सोध तथ्याङ्क सङ्कलन गरिएको छ । यस क्रममा त्यस ठाँउमा काम गर्दै आएका शिक्षक, पूर्व वडा अध्यक्ष, नगरपालिका जनप्रतिनिधिहरु, बुद्धिजिवि, व्यापारी, सरकारी सेवामा रहेका र पेन्सन भई बसेका व्यक्तिहरु उच्च शिक्षा हासिल गर्दै आएका विद्यार्थी साथीहरु, किसान लगाएत गाउँका चल्दा फिर्दा मानिसहरुसंग सम्पर्क गरी जम्मा १५ जना व्यक्तिहरुसंग तथ्याङ्क लिइएको हो ।

तथ्याङ्क सङ्कलन गरिएको पश्चात तथ्याङ्कलाई साधारण किसिमको तालिकाद्धारा प्रस्तुत गरिएको छ । यस शोधकर्तामा प्राथमिक र द्धितीय स्रोतबाट प्राप्त भएका सूचनालाई विभिन्न तालिकामा गुणात्मक, संख्यात्मक र वर्णात्मक आधारमा तथ्याङ्कको विश्लेषण गरिएको छ । गाउँको भौगोलिक अवस्था, पारिवारीक बनाबट, घरहरुको अवस्था, चाडपर्व, सरसफाई आदिलाई वर्णानात्मक रुपमा विश्लेषण गरिएको छ । विभिन्न किसिमका सूचना जस्तै विवाह, शैक्षिक अवस्था, जनसङ्ख्या आदिलाई वर्णात्मक र तथ्याङ्कीय तवरबाट विश्लेषण गरिएको छ ।

### ३.७ द्धितीय स्रोत

द्धितीय स्रोत अन्तर्गत तथ्याङ्कहरु विभिन्न प्रकाशित तथा अप्रकाशित सन्दर्भ सामग्रीहरु जस्तै राष्ट्रिय जनगणना, पुस्तक, पत्रपत्रिका र शोध ग्रन्थहरु तथा सामाजिक संघसंस्थाहरुबाट लिइएको अध्ययन अनुसन्धानलाई संकलन गरिएको छ । प्राथमिक तथा द्धितिय स्रोतबाट संकलित तथ्याङ्कहरुलाई आवश्यकता अनुसार सम्पादन र तालिकीकरण गरिएको छ । अन्तवार्ता , अवलोकन तथा द्धितीय स्रोतबाट संकलित भएका तथ्याङ्कहरुलाई संख्यात्मक र गुणात्मक रुपमा विश्लेषण गरिएको छ । संख्यात्मक तथ्याङ्कहरुलाई आवश्यकता अनुसार तालिकामा प्रस्तुत गरिनुका साथै प्रतिशतको प्रयोग गरी विश्लेषण गरिएको छ । गुणात्मक तथ्याङ्कहरुलाई कारण र प्रभावको आधारमा व्याख्या गरी विश्लेषण गरिएको छ । तथ्याङ्कलाई विश्लेषणको क्रममा विभिन्न उप शिर्षकमा विभाजन गर्दै व्याख्या र विश्लेषण

गरी निष्कर्ष निकालिएको छ । स्थलगत रुपमा तयार पारिएको संकलित तथ्याङ्कलाई विषय वस्तु अनुसार तालिका एंवम रेखा चित्र बनाई विश्लेषण गरेर निष्कर्षमा पुगिएको छ । संख्यात्मक रुपमा प्राप्त तथ्याङ्कलाई अंकगण्तिीय विधिद्धारा प्रतिशत निकाली विश्लेषण गरिएको छ । विश्लेषण गरेर निकालेका तथ्यगत कुराहरुलाई वर्णात्मक शैलीमा प्रस्तुत गरिएको छ ।

## ३.८ तथ्याङ्कको विश्वसनियता तथा वैधता

यस शोध अध्ययनमा समावेश गरिने सम्पूर्ण तथ्याङ्कहरु अनुसन्धानकर्ता आफै उत्तरदाताहरुको घर दैलोमा पुगेर स्पष्ट संग्लगन गरिएका हुनाले यो तथ्याङ्कहरु विश्वसनिय छन भने मान्न सकिन्छ । साथै यस अध्ययनमा प्रयोग गरिने सिद्धान्त तथा विधिहरु वैज्ञानिकता परीक्षण भएको हुनाले विश्वसनीय एंवम वैधता छ भन्न सकिन्छ । यसमा संग्लगन गरिएका सबै तथ्याङ्कहरु सरकारी निकायद्धारा प्रकाशित प्रतिवेदन अनुसार राखिएको हुदा तथ्याङ्कहरु वैध छन । सम्बन्धित क्षेत्रका सामाजिक तथा राजनैतिक कार्यकर्ता, बुद्धिजीवी, समाजसेवी लगायतका मानिसहरु साथै विभिन्न लेख र रचना, पत्रपत्रिका आदिमा प्रकाशित तथ्याङ्कहरु समेत समावेश भएको हुनाले यो अध्ययन विश्वसनीय छ ।

## ३.९ नैतिक आचरणको पालना

हरेक अनुसन्धानमा नैतिक मूल्य मान्यताको ठुलो महत्व हुने गर्दछ । हरेक समाजका आफ्नै किसिमका मूल्य मान्यताहरु हुने गर्दछन् । कतिपय पक्षहरु गोपनीयता कायम गर्नु पर्ने हुन सक्दछन । यस अध्ययन नैतिक मूल्य मान्यताको ख्याल गर्दै पक्षपातबाट टाढै रहेर गोप्यनीयताका कुराहरुलाई असर नपर्ने गरी अनुसन्धानकर्ताले अघि बढाएको छ । यसका साथै उत्तरदाताहरुलाई उदेश्य स्पष्ट पारेर आापसी सामझदारीका आधारमा मात्र प्रश्नहरु सोधिएको छ । उत्तरदाताहरुको गोप्यनीयता चोट पुग्न सक्ने जस्ता कुराहरुलाई उल्लेख गरिएको छैन । उत्तरदाताहरुको इच्छा विपरीत जवर जस्ती सुचना दिन बाध्य पारिएको छैन ।

उत्तरदाताको सहभागिता मात्र सूचना संकलन गरिएको छ । गोपनियताको सुरक्षा गरिएको छ र अनुसन्धान प्रारम्भिक देखि तथ्याङ्क संकलन रिर्पोट, निष्कर्षमा कुनै पनि कुरा विवरण प्रस्तुत नगरिएको हुनाले यो अनुसन्धानमा नैतिक आचरणलाई जोड दिइएको छ ।

# अध्याय : चार

## तथ्यांक प्रस्तुति तथा विश्लेषण

### ४.१ अध्ययनको क्षेत्रको परिचय

#### ४.१.१ भौगोलिक परिचय

चमार जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्थाको अध्ययन गर्नको लागि सिरहा जिल्लामा अध्ययन क्षेत्र रहेको छ । यो जिल्ला देशको राजधानी काठमाडौं बाट करिब २४३ कि.मि. पूर्वमा पर्दछ । प्रदेश नं . २ का राजधानी जनकपुर देखि ४० कि.मि. पूर्व पर्दछ । नेपालको क्षेत्रफल १,४७,१८१ वर्ग किलो मिटर मध्ये १२२८ वर्ग किलो मिटर क्षेत्रफल ओग्टेको छ । सिरहा जिल्ला उत्तरी आक्षांश २६'३३° देखी २६'५५° र पूर्वी देशान्तर ८६'६° देखी ८६'२६° पूर्वमा अवस्थित छ । यस जिल्लाको उचाँई समुन्द्र सतह देखि ७६ मिटर दक्षिण देखि ८८५ मी. उत्तर सम्म रहेको छ भने औसत लम्बाई (पूर्व पश्चिम ) ४२.४ कि.मी. र औसत चौडाई (उत्तर दक्षिण ) र ९.७ कि.मी रहेको छ । पूर्वमा सप्तरी जिल्ला बलान नदी र पश्चिमा धनुषा जिल्ला कमला नदी, उत्तरमा उदयपुर जिल्ला (चुरेपहाड ) र दक्षिणमा भारतको बिहार प्रदेश संगै जोडिएको छ । यो जिल्ला प्राकृतिक रुपमा समथर भएपनि उत्तरी भेगमा उच्च पाखो जमीन छ र दक्षिण भेगमा होचो जमिन रहेको छ । यस जिल्लामा ४ निर्वाचन क्षेत्र, ८ नगरपालिका, ९ गाँउपालिका, २ जिल्ला अस्पताल र ७ हेल्थ पोष्ट रहेका छन् । यस जिल्लाको ऐतिहासिक विशेषताको रुपमा सल्हेश फूलबारी, मानिक दह, आकाश गंगा, कमलदह, पतारी पोखरी, राजा मैसौथा, सारस्वर महादेव, पारसनाथ महादेब मँठ ईटारी प्रसाही आदिलाई लिन सकिन्छ ।

### ४.१.२ जनसंख्या

यस वडामा बसोबास गरिरहेको जनसंख्यालाई निम्न अनुसार उमेर समुहमा वर्गीकरण गरिएको छ।

| क.स. | उमेर समुह | पुरुष | महिला | अन्य उल्लेख नभएको | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | ०-१० | ४४ | ४० | | ८४ | ३५.४४ |
| २ | ११-१५ | २३ | १२ | | ३५ | १४.७६ |
| ३ | १६-२० | १६ | १३ | | २९ | १२.२३ |
| ४ | २१-२५ | २७ | १४ | | ४१ | १७.२९ |
| ५ | २६-३० | १६ | १३ | | २९ | १२.२३ |
| ६ | ३१-४० | २ | २ | | ४ | १.६८ |
| ७ | ४१-५० | ५ | ५ | | १० | ४.२१ |
| ८ | ५१-६० | ० | ० | | ० | ० |
| ९ | ६० भन्दा माथि | २ | ३ | | ५ | २.१० |
| १० | जम्मा | १३५ | १०२ | | २३७ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण २०७६**

माथिको तालिका अनुसार यस वडामा बसोबास गर्ने कुल जनसंख्या मध्ये ०-१० वर्ष उमेर समुहका ३५.४४ प्रतिशत र ११-१५ वर्ष सम्मका उमेर समूहको जनसंख्या कुल जनसंख्याको १४.७६ प्रतिशत

रहेको देखिन्छ । त्यस्तै गरी १६-२० वर्ष सम्मको उमेर समूहका जनसंख्या १२.२३ प्रतिशत रहेका छन । २१-२५ वर्ष सम्मको उमेर समूहका जनसंख्या १७.२९ प्रतिशत रहेको छन । २६-३० वर्ष सम्मको उमेर समुहका जनसंख्या १२.२३ प्रतिशत रहेको छ । ३१-४० वर्ष सम्मको उमेर समूहका जनसंख्या १.६८ प्रतिशत रहेको छ । ४१-५० वर्क सम्मको उमेर समुहका जनसंख्या ४.२१ प्रतिशत रहेको छ । ५१-६० वर्ष सम्मको जनसंख्या नरहेको तर ६१-माथिका जनसंख्या २.१० रहेको देखिन्छ ।

## ४.२ चमार जातिको सामाजिक स्थिति

### ४.२.१ चमार जातिको जनसङ्ख्या

नेपालको तराई क्षेत्रको दलित मध्ये चमार जात पनि एक हो । २०७४/०७५ को WFP (विश्व खाद्य कार्यक्रम) को अनुसार कल्याणपुर नगरपालिका भरी चमार जातिको संख्या ३५२५ जना छ । जुन यस नगरपालिकामा अन्य धेरै जातहरु भन्दा धेरै कम छ । यस वडामा चमारहरुको जम्मा जनसंख्या २३७ मध्ये पुरुष १३५ र महिला १०२ रहेको छ । कल्याणपुर नगरपालिका वडा नं. ३ मा यस अध्ययनको लागि नमूना छनौट गरिएका चमार जातिहरुको जनसंख्यालाई निन्नअनुसार तालिकामा देखाउन सकिन्छ । : -

**तालिका नं. - २ चमार जातिहरुको टोल अनुसारको जनसंख्या**

| क.स | गाउँ /टोल | परिवारको संख्या | पुरुष संख्या | महिला संख्या | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १. | सेरबा टोल | २७ | ६० | ५४ | ११४ | ४८.१० |
| २. | चमटोली वाड नं.६ | २९ | ७५ | ४८ | १२३ | ५१.८९ |
| जम्मा | | ५६ | १३५ | १०२ | २३७ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण २०७६**

माथिको तालिका अनुसार कल्याणपुर न.पा. वडा नं. ३ को केवल २ वटा टोलमा चमार जातिको बसोवास भएको देखिन्छ । सेरवा टोलमा २७ घरधुरी र चमटोली (साविक वडा नं. ६ ) मा २९ घरधुरी नमूनाको लागि छनौट गरिएको छ ।

त्यस्तै टोलगत रुपमा चमार जातिको जनसंख्या विवरणलाई हेर्ने हो भने यस जातको कूल जनसंख्याको ४८.१ प्रतिशत सेरवा टोलमा र ५१.८९ प्रतिशत चमटोली ( पुरानो वडा नं. ६ ) मा बसोवास गरेको देखिन्छ । त्यसै गरी टोलगत रुपमा चमार जातिको जनसङ्ख्याको विवरणलाई हेर्ने हो भने कुल जनसंख्याको ४८.१ प्रतिशत सेरवा टोलमा र ५१.८९ प्रतिशत चमटोलीमा रहेको छ ।

**तालिका नं. ३ उमेर अनुसार चमार जातिको संख्या विवरण**

| क.स | उमेर | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | ०-५ | २५ | २२.९३ | २१ | २३.३३ | ४६ | २३.११ |
| २ | ६-१४ | २३ | २१.१० | १७ | १८.८८ | ४० | २०.१० |
| ३ | १५-५९ | ४६ | ४२.२० | ३६ | ४० | ८२ | ४१.२० |
| ४ | ६०-७० | १५ | १३.७६ | १६ | ६.६६ | ३१ | १५.५७ |
| जम्मा | | १०९ | १०० | ९० | १०० | १९९ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण २०७६**

माथिको तालिकामा देखाए अनुसार ०-५ वर्ष उमेरका जनसङ्ख्या कुल जनसङख्याको २३.११ प्रतिशत ,६-१४ वर्ष उमेरका २०.१० प्रतिशत, १५-५९ वर्ष उमेर ४१.२० प्रतिशत र ६०-७० वर्ष उमेरका १५.५७ जनसंख्या देखिएको रहेछ ।

### ४.२.२ घरको बनावट

बास स्थान हरेक मानव समुदायको नियमित आवश्यक रुपमा रहेको हुन्छ । मानिस सामाजिक चेतनशील प्राणी हो । नेपालकै पनि शहरी क्षेत्रमा भिमकाम महलहरु बनाउने होडबाजी चले पनि ग्रामिण क्षेत्रमा बस्ने जातजाति घाम, पानी, जाडो, दुरी आदि जस्ता प्रकृतिक प्रकोपबाट बाच्नको लागि आफ्ना औकात, क्षमता पूँजी अनुसारको घर बनाई दैनिक जीवनयापन गुजारा गर्दै आएको पाइन्छ ।

कल्याणपुर नगरपालिका वडा नं. ३ अन्तर्गत पर्ने विभिन्न टोलमा बसोवास गर्ने चमार जातिले आफ्नो घर निर्माण गर्दा ढोका प्राय पूर्वपट्टी फर्किएको पाइयो । तर केही घरको ढोका जग्गाको बनोटले सडकतर्फ फर्केको हुनाले पश्चिम, उत्तर, दक्षिण चारैतिर फर्केको पनि पाइनाले यस जातको घर निर्माण गर्दा कुनै निश्चित दिशातर्फ कात्र ढोका फर्काएको हुनु पर्छ भने मान्यता देखिदैन । यस ठाँउका चमारहरुको घरको वनावटलाई हेर्ने हो भने घरको गाह्रो प्राय : इँटा, सिमेन्ट, माटो, काठ, बाँसबाट बनेको देखिन्छ । कुल ५६ घरधुरीमा रहेको यो जातहरुको अध्ययन गरिएकोमा अधिकांश घर माटो र छानामा जस्ता तथा खपरा प्रयोग गरेको देखियो ।

यस जातिको घरहरु प्राय : एकतले देखिन्छ । प्राय : घरहरु पुरानै शैलीमा बनेको देखियो । धैरे जसो घरहरुको छेउमा भान्साघर पानीको लागि कल  घर देखि अलि पर चर्पी रहेको पाइयो आधिकाँश त्यस वडाका चमारहरुको आफ्नो नाममा जमिनमा नभई अलानी पर्ती जमीनमा बसोवास गरका छन् । धेरै जसोको घरको जग्गा थोरै भएको देखियो । सबैको घरमा सानो ठूलो आफ्नो अनुसारको आँगन देखियो । यस जातिको घरको छानाको विवरणलाई निम्नानुसार तालिकामा देखाउन सकिन्छ ।

**तालिका नं. ४ चमारहरुको घरको किसिमको वनावट**

| क.स. | घरको वनावट | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | छाप्रो र फुसको घर | ५ | ८.९२ |
| २. | कच्ची | २५ | ४४.६४ |
| ३. | अर्धकच्ची (दिवाल र जस्ता) | १३ | २३.२१ |

| | | | |
|---|---|---|---|
| ४ | पक्की (छत दलान) | १३ | २३.२१ |

**स्रोत स्यलगत सर्वेक्षण २०७६**

माथितलो तालिका अनुसार यस क्षेत्रका ५६ घरमूलीहरु चमारहरुको घर हेर्दा ४ प्रकारका घरहरु पाईएको छ। जस अनुसार छाप्रो ८.९२ प्रतिशत, कच्ची ४४.६४ प्रतिशत, अर्धकच्ची २३.२१ प्रतिशत र पक्की कुल घरको २३.२१ प्रतिशत रहेको छ।

### ४.२.३ परिवारिक बनावट

**तालिका नं. ५ परिवारको किसिम अनुसार चमार जातिको परिवारिक विवरण**

| क.सं. | पारिवारिक वनावट | घरमूलीको संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | एकल परिवार | ४८ | ८५.७१ |
| २ | संयुक्त परिवार | ८ | १४.२८ |
| ३ | वृहत परिवार | ० | ० |
| | जम्मा | ५६ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण २०७६**

माथिको तालिकमा देखाए अनुसार एउटा घरमा श्रीमान् श्रीमती र अविवाहित छोराछोरी बसोवास गर्दछन भने त्यस्तो परिवारलाई एकल परिवारको रुपमा लिइएको छ। त्यसैगरी श्रीमन, श्रीमती र विवाहित छोराछोरी साथै नाति, नातीनी समेत समाहित हुने गरी बसोवास गर्दछन भने त्स्तो परिवारलाई संयुक्त परिवारको रुपमा लिएको छ। त्यस्तै वृहत परिवार भित्र हजुरबुवा, हजुरआमा, आमा, बुवा, छोराछोरी, नाति, नातिनी, प्रनाति, प्रनातिनी, काका, काकी समाहित हुने गरी यस अध्ययनमा राखिएको छ।

माथिको तालिकामा देखाए अनुसार कुल घरपरिवारको संख्या मध्ये ८५.७१ प्रतिशत एकल परिवार, १४.२८ प्रतिशत संयुक्त परिवार र एउटा पनि परिवार बृह्तभित्र पर्दैन भने देखाउछ ।

### ४.२.४ शैक्षिक स्थिति

समाजिक रुपमा अन्य मानिसहरु भन्दा चमार जातिका शैक्षिक अवस्था धैरे पछाडि परेको देखिन्छ । मानिसलाई कुनै पनि क्षेत्रमा सफलता पाउनको लागि सर्वप्रथम शिक्षाको अत्यन्त आवश्यकता पर्छ । शिक्षा क्षेत्रमा चमार महिलाहरु अरु जातिका महिलाहरु भन्दा धेरै नै पिछडिएका छन् । उनीहरुको बसोवास नेपालको तराई क्षेत्रमा छ । चमार जातिहरुको अहिले पनि धैरे मात्रामा शिक्षाको न्यानो प्रकाशनबाट वञ्चित नै छन् । झन महिला शिक्षाको लागि अर्काको घर जाने जात बुझेर विद्यालय पठाउन मानिरहेको छैनन् । चमार जातिका घरमूलीहरुको शिक्षाको अवस्थालाई निम्न अनुसार तालिकामा देखाउन सकिन्छ ।

**तालिका नं. ६ चमार जातिका घरमूलहिरुका शिक्षाको अवस्था**

| क्र.स. | शिक्षाको स्तर | घरमूलीको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | निरक्षर | ४० | ७१.४२ |
| २ | १देखी ५ कक्षा सम्म | १२ | २१.४२ |
| ३ | ६ देखी १० कक्षा सम्म | ३ | ५.३५ |
| ४ | ११-१२ कक्षा सम्मप्रविणता प्रमाण पत्र तह | १ | १.७८ |
| ५ | स्नातक तह देखि माथि | ० | ० |
|  | जम्मा | ५६ | १०० |

**स्रोत स्थलगत सर्वेक्षण २०७६**

उक्त तालिकामा देखाए अनुसार ७१.४२ निरक्षर, २१.४२ १ देखी ५ सम्म, ५.३५ ६ देखी १० कक्षा सम्म, १.७८ ११-१२ कक्षा सम्म र एक जना पनि स्नातक वा सो भन्दा माथि पढेको पाएन । यस वडाका धेरै मानिसहरु अहिले पनि निरक्षर रहेको छ ।

**तालिका नं. ७ चमार जातिका बालबालिकाहरुको शैक्षिक विवरण**

| क्र.स | शिक्षाको स्तर | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | पूर्व प्राथमिक कक्षा | ३० | ५३.५७ | १८ | ४५ | ४८ | ५० |
| २ | १-८ कक्षा | १५ | २६.७८ | १२ | ३० | २७ | २८.१२ |
| ३ | ९-१२ कक्षा | ११ | १९.६४ | १० | २५ | २१ | २१.८७ |
| | जम्मा | ५६ | १०० | ४० | १०० | ९६ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण २०७६**

उक्त तालिकामा अनुसार यस जातिका विद्यालय जाने उमेर समूह अर्थात ४-१५ वर्ष उमेरका बालबालिकाहरु मध्ये पूर्व प्राथमिक कक्षा अध्ययनरत बालबालिकाको संख्या ४८ जस मध्ये बालक ३० र बालिका १८ रहेकाद छन । १-८ सम्म कक्षा अध्ययनरत बालबालिकाको संख्या २७ देखिन्छ जस मध्ये बालक १५ र बालिका १२ त्यस्तै ९-१२ सम्म २१ मध्ये बालक ११ र बालिका १० रहेको छ ।

## ४.२.५ महिलाहरुको स्थिति

हिन्दु धर्महरुले नारीको स्थान र महिलालाई मुक्त प्रशंसा गरेको पाईछ । नारीलाई देवीको रुपमा, सरस्वतीको रुपमा स्वीकार गरिनुको साथै रथ रुपी जीवनको एक पाँग्राको रुपमा मानेर नारीको स्थानलाई उच्च स्थानमा राखेको देखिन्छ । व्यवहारमा भने नारीहरुलाई पुरुष र समाज दुवैले शोषण गर्ने गरेको पाईन्छ । नेपाली समाजको विविध जात-जातिहरुमा महिलाको स्थितिमा केही न केही रुपमा फरक देखिन्छ । यस जातिका महिलाहरुलाई पुरुषको तुलनामा केही भेदभाव गरिएको देखिन्छ । नेपालकै अन्य जातिको महिला संग तुलना गर्दा चमार जातिका महिलाको स्थितिलाई नराम्रो मान्न सकिन्छ ।

चमार जाति पनि पुरुष प्रधान भएकोले पैतृक सम्पति माथि छोराको एकाधिकार रहनु स्वभाकि नै हो भन्ने छोराको तुलना छोरीले घरमा बढी काम गर्नुपर्ने सत्यता पनि आज सम्म विद्यमान नै रहेको देखिन्छ ।

यस जाति भित्र पनि समाजका अन्य जातिमा जस्तै छोरा र छोरीहरुलाई भेदभाव पूर्ण नै व्यवहार गरिन्छ । जब छोरा छोरीको जन्म हुन्छ त्यसबेला देखि नै छोरा र छोरीको बीचमा भेदभाव सुरु हुन थाल्छ ।

छोरा जन्म भएमा छठियार जन्म भएको छ दिन पछि भोजभात र नाच गान साधु भण्डार गरी बढी खुसीयाली मनाईन्छ भने छोरी जन्म भएमा जन्मको ६ दिनपछि छठियार सामान्य विधिले मानाईन्छ । जसमा भोजभातेर साधुभण्डार थोरै मात्रा गरिन्छ । धैरे बच्चाहरु पढन गइएको छैन छोरालाई आफ्नो क्षमता अनुसार निजी स्कुलमा राम्रो विकास शहर बजारमा भर्ना गरिन्छ भने छोरीलाई चाहि सामदायिक नत्र घर नजिककै निजी स्कुलमा भर्ना गर्ने प्रचलन रहेको देखिन्छ । छोरा छोरी दुवैलाई स्कूल पठाएतापनि छोरा स्कुलबाट फर्केपछि खेल्न थाल्दछ भने छोरीले चाही घरको काममा सहयोग पुऱ्याएको देखिन्छ ।

छोरीको विवाह गर्दा केटा छान्ने अधिकार आमाबुवा दुवैमा रहनेपनि बुवाको निर्णय अनुसार बढी मान्यता दिन्छ भन्ने उत्तर यस अध्ययनको क्रममा अधिकाँश घरममुलीहरुले देखिएको छ त्यस्तै गरी विवाह गर्नु गर्ने उमेरमा पनि छोरा र छोरीको वीचमा फरक देखिन्छ । छोराका विवाह २२-२५ वर्षको उमेरमा र छोरी विवाह १५-१८ वर्षको उमेरमा गर्ने चलन यस जातिमा रहेको देखिन्छ ।

विवाह गर्ने पनि यहाँ कडा देखिएको छ । श्रीमान्हरु खेतवारी पसलमा कार्य गर्दा कामकाज सहयोग गर्ने पनि देखिन्छ । बाहिर काज गर्दा पुरुष जस्तो ज्याला नपाए पनि कम ज्यालामा पनि कार्य गरेको पाइएको छ । अर्थात् सामान्य कामको लागि समान ज्याला प्रदान गरिदैन पुरुषहरु प्राय : अडा अफिस जाने, कृषकको कार्य खेतीबारी गर्ने स-साना व्यापार गर्ने, किराना पसल, रेडिमेट कपडा पसल, औषधी पसल गर्ने र महिला घरको कार्य काम घर आगन सफा गर्ने खाना बनाउने, आफ्नो सम्पूर्ण परिवारको लुगा धुने, औछयान मिलाउने र फुर्सतमा टि:भि हेर्ने पनि देखिएको छ । यस जातिका महिलाहरु पनि अन्य जातिका महिलाहरु जस्तै निकै सहयोग गरेको र आर्य आर्जन जोगाएको देखिन्छ ।

आर्थिक क्रियाकलाप सम्बन्धि कुनै पनि निर्णय वा कार्य गर्नु परेमा पुरुषले मात्र गर्ने प्रचलन यस जातिमा पनि विद्यमान रहेको देखिन्छ ।

समाजले नराम्रो मान्ने बहु विवाह, बाल विवाह, विधुवा विवाह, भुम्र हत्या र पारपाचुकेलाई यस जातिमा पनि राम्रो मानिदैन् । यस जातिका कुनै पनि घरमूलिका दुई ओटा श्रीमती भएको पाइएमा यस जातिमा पनि अन्य जातिय विवाह देखा परेको छैन् । छोरी जाति पढाए पनि दाइजो दिनु पर्छ कोसेली दिनु पर्ने भएकोले छोरीलाई अरुको नासोको साथै दायित्वको रुपमा लिने घरमूलिहरुको संख्या भने अधिकांश नै पाइयो ।

## ४.२.६ सामाजिक र राजनैतिक चेतना

समाजका अन्य जातिमा चलिआएको जस्तै धर्म, वर्ण लिङ्ग, जात, जाति, पद, पैसा आदिको आधारमा भेदभाव गर्ने प्रचलन यस जातिमा पनि आफै हटि सकेको देखिदैन । समाजमा एक परिवार र अर्को परिवार बीच अर्थात् आस परोसमा सदभाव मित्रितो सम्बन्ध पहिलाका पूर्वज भन्दा दिन प्रतिदिन कम भइरहेको छ । जसको लठी उसको भैंसी भने भावना लाई पनि प्रर्दशित गरिएको पाईन्छ । समाजमा अवसर पाउने वर्गले अवसर नपाउने वर्गलाई शोषण गरिरहेको छ । समाजमा प्रत्येक व्यक्ति एक अर्कामा प्रतिस्पर्धाको मनोभावनाले देखिरहेको हुन्छ । अरुको भलाई गर्नु भन्दा कुभलो कसरी हुन्छ भनी सोचीहरुको मनस्थिती पनि पाइएको छ । जग्गा जमिनको सिमाना मिच्ने गाई, गोरु, बाली नाली चरेर हिनाभिना भएमा केटा केटी बीच सामान्य विवाद भएमा आपसी द्धन्द्ध बढनु, गाली गलोज हुनु यस जातिको समाजमा बढी नै देखियो । समाजमा नयाँ घर बनाउँदा घरवाँस हनुमान अराधना विभिन्न किर्तन मंडलीद्धारा, अष्टजाम, भगवानका किर्तनहरु गरी महराजीहरुलाई पानप्रसाद खुवाउने भोजभतेर गरेर पैसा खर्च गर्ने घरमूलीहरु पनि अधिकांश भेटीएका छन् ।

यस अध्ययनको क्रममा परिवार नियोजको बारेमा सोधपुछ गर्दा यस जातिका अधिकांशले परिवार नियोजन स्थायी वा अस्थायी साधनहरु अपनाइएको देखियो जसबाट परिवार नियोजन गर्नु पर्छ भन्ने धारणा सबैमा पाईए तापनि परिवार नियोजन गरेमा कमजोर भईहाल्छ भन्ने भ्रम समेत यस जातिमा पाइयो ।

यस जातिमा पनि छोरीको तुलनामा छोराको महत्व बढी भएको पाईन्छ । उनीहरुको भनाई अनुसार जतिसुकै छोरी भए तापनि छोरा चाहिन्छ नै किनभने छोरी भनेको अर्काको नासो हो र समय आए पछि अर्कालाई जिम्मा लगाउनु पर्ने हुनाले त्यसबेला आफू पनि काम गर्न नसक्ने भैसकेको हुँदा आफ्नो हेरचाह गर्ने व्यक्तिका लागि पनि छोराको आवश्यकता पर्दछ । आफ्नो मृत्यु पछि पनि घर र घरमा भएका समान तथा सम्पतिको जिम्मा लगायतको लागि पनि छोराको आवश्यकता पर्दछ । छोरा नभएमा समाजमा सामाजिक प्रतिष्टा नहुने, उपहेलित हुने भावना भएका मानिसहरु समेत अध्ययन गर्दा पाइएको छ । तीन/तीन वटा छोरी जन्मि सक्दा पनि छोराको आशामा परिवार नियोजनका अस्थाई साधनहरुको समेत प्रयोग नगरी पर्खेर बस्नेहरु पनि भेटिए । गर्भवती महिलाहरुलाई नियमित रुपमा स्वास्थ्य परीक्षण गराउनु पर्दछ भने सोचाई हालका दिनहरुमा यस जातिमा विकास भएको देखिएता पनि गर्भवति हुनु वितिकै गर्भ रहेको छोरा हो कि छोरी गर्भ पहिचान गर्न भिडियो X-RAY गर्न चाहेको दम्पतिहरु पनि पाइयो । गर्भवती यदि छोरी भए लुकीछिपी गर्भ तुहाउने श्रीमान् श्रीमती पनि पाइएको छ । साथै आफू दुवै जनाको राजी खुशीमा विभिन्न अस्पतालमा गई सुरक्षित गर्भपतन गराइएको पनि पाइएको छ ।

त्यस्तै जन्मेका शिशुलाई नियमित रुपले खोप लगाउनु पर्दछ भने कुराको जानकारी यस जातिमा भएको हुँदा उनीहरुले नवजात शिशुलाई खोप लगाइएको पाईन्छ । धेरै महिलाहरुले आफ्ना बच्चालाई खोप त दिएका हुन्छ तर के को खोप दिएको छु भन्ने चाहि थाहा नभएको कुरा समेत बताएको पाईन्छ ।

यस जातिमा राजनैतिक चेतनाको कुरा गर्दा देशमा हाल कुन पार्टीको सरकार छ भने कुरा अधिकांश घरमुलीहरुलाई  थाहा नभएको पाईयो । चमारहरुको संख्या यो नगरपालिकामा थौरे रहेको मुख्य पदमा निर्वाचित हुन चाही सकेको छैन । निर्वाचनमा नाम चलेको पार्टीबाट टिकट पाउन गाह्रो यदि कदम कदाचित टिकट पाएपनि जित्न मुस्किल रहेको अध्ययनले देखाएको छ । जाति सभा-सम्मेलन भएपनि कागजमै जाति उत्थान अग्रजको भाषणमै सीमित रहेको देखिन्छ । नेताहरु भोट माग्दा गाउँगाँउमा घरदैलो सम्म पुग्न पनि समस्या बुझेपनि माथिल्लो पहुँच नभएर गाँउ घरमा समस्या जस्ताको त्यस्तै रहेको ठहर छ भने हाल केही समस्याहरु सडकबाटो निर्माण, पानीको पँहुच, विजुलीको पँहुच, सञ्चारको पँहुच भएको देखिन्छ । विभिन्न प्रोढ शिक्षाको कार्यक्रमहरु सञ्चालन भएपनि वृद्ध-वृद्धा व्यक्तिहरु साक्षर नरहेको तर अधवैस आइमाई, बुहारीहरु, छोरीहरु केही साक्षर  रहेको देखिन्छ ।

### ४.२.७ स्वास्थ्य सरसफाई र खानेपानी

नेपाल एउटा अल्प विकसित राष्ट्र हो र गरीब राष्ट्र मध्ये नेपाल पनि एउटा देश हो । जहाँ शहरी इलाका सरसफाई र खानेपानीको समस्या सुधार उन्मुख भएको देखिन्छ । जस अनुसार यस अध्ययन क्षेत्रमा पनि सरसफाईका धेरै राम्रो व्यवस्था नरहेपनि धेरै खराब पनि नरहेको पाइएको छ । अध्ययन क्षेत्रमा पर्ने वडा कार्यालयनिरका बजार हप्ताको दुई दिन बजार लागेको भोलि पल्ट वडा कार्यालय सफा गर्ने समेत गर्दा सरसफाई गरी फोहरहरु अर्का ठाउँमा फाल्ने गरिन्छ । जलाएको हाल देखिन थालेको छ । तर गाउँ घर भने फोहर व्यवस्थापन नभएको अध्ययनले देखाईको छ तैपनि मानिसहरुमा चेतनाको विकास घर घरमा चर्पी छ । खुल्ला दिशा मुक्त वडा धोषित भएको छ ।

यस वडामा एउटा स्वास्थ्य चौकी छ । सरकारी अस्पताल नभएपनि संगै जसबाट चलिरहेको सम्पूर्ण सेवाहरु निःशुल्क रुपमा मानिसहरुले प्राप्त गरिरहेका छन् । निशुल्क ओपिडि सेवा, खोप सेवा, निःशुल्क क्षयरोग औषधी वितरण सेवा, निःशुल्क परामर्श सेवा आदि सुविधाहरु उलब्ध छन । यस क्षेत्रका ठूलो समस्या ग्रसित विरामीहरु जिल्ला अस्पताल लाहान सिरहा र प्राथमिक अस्पताल मिर्चैया पूगि सेवा लिइरहेको पाईए पनि अधिकांश व्यक्तिहरु प्राइभेट डाक्टर, निजी दुकानबाट सेवा लिइरहेको पाइएको छ । यस जातिको बासोबास क्षेत्र बजार क्षेत्रमा नरहको कारणले गर्दा तिनीहरु स्वास्थ्य सेवा बाट बञ्चित रहेको पाइन्छ । यस वडामा एउटा प्राइभेट किलनिक छ र ५ ओटा औषधी पसलहरुबाट नियमित सेवा गरिरहेको देखिन्छ ।

खानेपानीको लागि प्राय ४०/४५ फिट मात्रको चापाकलबाट पानी खान्छन । एउटा वोडीङ्ग निर्माणाधीन छन । खानेपानीको समस्या र यस वडामा प्राय सबैको घरमा खाने पानीको लागि चपाकल छन । धेरै जसेको घरमा ४५ फिटको कलको पानी खान्छन भने अब केहि मानिसहरु २०० फिटको पानी खान्छन । सर्वजानिक ठाँउहरुमा करिब सबै ढाउँमा २०० सय फिटको कल गाडिएको छ । पहिला पहिला बाटो घाटोमा दिशा पिसाब गरेको पाइन्थ्यो भने अब जथाभावी दिशा पिसाब गरेको पाइदैन । सार्वजानिक ठाउँमा चर्पीको सार्वजानिक शौंचालयको निर्माण नभएपनि आ-आफ्नो चर्पीको प्रयोग गाउँ घर सफा रहन मदत पुगेको छ तर पनि केही गाँउका वूढापाखाहरु घरको वरीपरी खुल्ला ठाउँमा शौचालय गरेको देखिन्छ ।

**तालिका नं. ८ उत्तरदाताको उपचार पद्धति**

| क.स. | उपचार पद्धति | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | धामी झाक्री | ५ | ८.९२ |
| २ | स्वास्थ्य चौकी | ४० | ७१.४२ |
| ३ | दुवै | ११ | १९.६४ |
| ४ | जम्मा | ५६ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण २०७६**

माथिको तालिकाबाट पनि प्रष्ट हुन्छ कि यस ठाउँको मानिसहरु मध्ये ८.९२ प्रतिशत अझै धामी झाक्रीमा विश्वास गरीएको पाइन्छ भने स्वास्थ्य चौकी तर्फ जानेको संख्या सबभन्दा बढी घरमुलीहरु अर्थात ७१.४२ प्रतिशत छन् । धामी झाक्री तथा स्वास्थ्य चौकी दुबै जानेको यसबाट के बुझिन्छ भने यी जातिका मानिसहरुले परम्परागत रुपमा वेहोर्दै आएको उपचार प्रणाली भन्दा बढी आधुनिक योगमा आएको उपचार प्रणाली अँगालेको पाईन्छ । अध्ययनको क्रममा के देखियो भने विरामी हुदाँ पहिला स्वास्थ्य चौकी मेडिकल वा अस्पताल जाने गरेको त्यहाँ ठिक नभए मात्र धामी झाक्री निर जाने गरेको पाइन्छ ।

नमुना सर्वेक्षण रुपमा रहेको यो क्षेत्र ग्रामीण क्षेत्र भित्र रहेकोले ४९ घरमा चर्पी व्यवस्था रहेको पाइन्छ । जसको कारण बाटो घाटोमा जथाभावी दिशा पिसाब नगरेको पाइएको छ भने नगरपालिकाको सफाई अभियानले सडक बाटोघाटो सफा गरेको देखिन्छ । यो वडा समतल जमिन रहेको र चापाकल, डिप बोङ्गि भई रहेकोले उक्त स्रोत साधनबाट पानीको प्रयोग गरेको पाईन्छ । सार्वजनिक पानी टैकीबाट पानीको आपूर्ति भई नरहेको अध्ययनले देखाएको छ ।

### ४.२.८. सामाजिक र आर्थिक परिर्वतन

प्राचीनकाल देखि नै नेपाल बहुजाती, बहुभाषी र बहुधर्मालम्बी भएको देशको रुपमा रहेको तथ्यलाई यहाँ रहेको यादव, चमार, ठाकुर, हजमा, साह, तेली हलुवाई, दास, तत्मा, धानक, मुसहर क्षेत्रीय, ब्राहमण, थापा, धमाला र अन्य मिश्रित किसिमका जात जातिहरुले स्पष्ट पारेको छ । हिन्दू वर्णाक्रमअनुसार समाजलाई ब्राहमण, क्षेत्री, वेश्य र शुद्र गरी चार जातिमा विभाजन गरेको र जातिको आधारमा ब्राहमणले पाठ पूजा, क्षेत्रीले कामकाज र लडाई वैश्यले व्यापार र कृषि कार्य तथा शुद्रले सेवा मुलक र दास सरहको काम गर्ने पर्ने सामाजिक नियम नै थियो तर अहिले यस अनुसार केही मात्र चमार जातिका मानिसहरुले परम्परागत रुपममा आफ्नो काम गर्दछन ।

काम गर्नमा मात्र सिमित नरहेको हाल यी जातका मानिसहरु साना देखि ठूला व्यापारमा पनि सहभागिता रहको अध्ययनले देखाएको छ । पहिला यस जातिको मानिसहरुको जनजातिका मानिसहरुले छोएको पानी खादैन्थ्यो । तर हाल छुवाछुत हट्दै गएको छ । सबै जातजातिका घरमा गई खानपिन गर्ने विवाह, ब्रतबन्ध, पूजा आजाका भोजमा सकिय भई अन्य पानी ग्रहण गरेको देखिन्छ ।

चमार जातजतिलाई नजिकबाट नियाल्दै जाँदा उनीहरुमा छोरा छोरी बिचको भेदभावको भावनापन अलि हटेको पाईयो । पहिले पहिले छोरालाई स्कूल पठाउने र छोरीलाई घर धन्दामा लगाउने चलन थियो । अहिले आएर यस वडाको चमार जातिमा पढाईको उमेरका छोरा छोरी दुवै स्कुल जाने गरेको पाईयो । यसैगरी महिलाको स्थितिको कुरा गर्दा यसै वडामा बसोबास गर्ने अन्य जातिको तुलनामा चमार जातिको महिलाको स्थिति केही तल पाइयो । समाजले नराम्रो मान्ने बालविवाह, बहु विवाहको प्रथा यस जातिमा पनि अलि हटेको देखिन्छ ।

त्यसैगरी चमार जातिको घरको बनोटको कुरा गर्दा पहिला पहिले प्राय छवाली तथा माटो खपरा, मगराको छानो हुन्थ्यो भने अहिले आएर सके ढलान र सके जस्ताको छाना छाउने चलन छ । त्यस्तै परिवार पनि संयुक्तबाट एकल परिवर तर्फ उन्मुख भएको पाईयो ।

## ४.३ चमार जातिको साँस्कृतिक स्थिति

### ४.३.१ संस्कार

बर्सौ देखि संस्कार धार्मिक एवंम सामाजिक एकताको प्रभावकारी माध्यम रहेको छ । हाम्रो जनजीवनमा संस्कारहरुको ठूलो महत्व छ । किनकी यी संस्कारहरुको प्रयोगले जीवनमा सफलता प्राप्त गर्दछ र खराब आचरणबाट बच्न मद्दत गर्दछ । हिन्दू संस्कारहरुमा भूत, प्रेम पिसाचलाई बिनाकारण गर्नका लगि विभिन्न प्रकारका कार्यहरु पहिले देखि हुँदै आएका छन ।

त्यस्तै गरी मानिस जन्मेदेखि मृत्यु पश्चात र मृत्यपछि आफ्नो सन्तानहरुको माध्यमले अनेकन संस्कारहरु गर्ने जातिमा पर्दछन । मानिस र पशुलाई बिभेदीकरण गर्ने कारकतत्व मध्ये संस्कार नै प्रमुख तत्व हो । पशु संस्कार विहिन हुन्छ भने मानिस समय समयमा विभिन्न संस्कारहरुमा आवद्ध भइरहेको हुन्छ । मानिसले आफ्नो जीवन भर र आफ्नो मृत्य पछि पनि गरिने कामहरुलाई सापेक्षमा जीवनचक्र भनिए तापनि यस जीवन चक्र भित्र उनकै उपचक्रहरु पनि परेछन् । हिन्दू धर्मको पुरानो तथा देवकार्य र पितृकार्यलाई बढी महत्व दिई वर्णन गरिएको पाईन्छ । मनुष्य जीवनलाई शुद्ध बनाउन जन्म संस्कार अन्न प्राशन, मूण्डन, ब्रतबन्ध, विवाह आदि कार्यहरु गरिन्छ ।

### ४.३.२ जन्म संस्कारः

परिवारमा कुनै महिलालाई सन्तान हुन ढिलो भएमा वा सन्तान नभएमा त्यस महिलालाई हेयको दृष्टिकोणले हेरिन्छ । सन्तान प्राप्त हुने थाहा पाएपछि सन्तान पाउने महिला तथा घरका अन्य सदस्यहरु खुशी हुन्छ । सन्तान प्राप्ति हुनुभन्दा पहिले स्त्रीको माइती वा अन्य आफन्तहरुबाट खीर, पकवान, मिठाई, फलफूल, साडी, सिन्दुर, टिकली आदि कोसेली गर्भवती महिलालाई पठाउने चलन छ । जसलाई स्थानीय भाषामा सधौर भनिन्छ । यो सधौर नपठाइएमा जन्मिने बच्चा ऱ्याल काढ्ने गर्दछ भने सामाजिक मान्यता रहेकोले सो हुन नदिन यसो गरिएको भनाई छ । समाजमा अहिले पनि सुत्केरी गराउने कार्य घरमा नै भए राम्रो हुने मान्यता अध्यावधि कायम रहेको छ । परम्परागत रुपमा यस समाजमा पहिले घरमा नै सुडेनीको काम गर्ने चमैन चमार जातिको कहिलाको सहारामा बच्चालाई जन्म दिने सुत्केरी गराउने कार्य हुने गर्थ्यो । बच्चा जन्मी बच्चा जन्माउन सुत्केरी गराउनको लागि महिलालाई गाई गोठ वा छुटै घरमा पराल औछयाएर एक कुनामा राख्ने चलन थियो ।

**परिर्वतन :**

अहिले चमार दलित जातिका संस्थाले चमार महिलाहरुलाई घरमा गएर सुडेनीको काम गर्ने परम्परामा अघोषित रोक लगाएपछि हाल आएर योकाम घरमै बच्चा जन्माउने परम्परागत परिपाटीमा निकै कमी आएपनि आंशिक रुपमा यो विधि सामाजमा अध्यावधि कायमै छ ।

बच्चा जन्मेपछि साल-नाल काट्ने कार्य सम्बन्धित स्वास्थ्य चौकी वा अस्पतालमै भएपनि सुत्केरी महिलालाई घरमा ल्याएपछि महिलालाई राखेको ठाउँमा गुइठाको आगो वाली सोही ठाउँमा वाँसको भाँडोमा हरियोपात र वयरको हाँगा सहित बाधेर राख्दछ । यसको अतिरिक्त सुत्केरी महिलाको शीरानमा खुर्पी तथा चक्कु समेत राख्ने चलन छ । यसो गर्नाले महिला र बच्चा दुवैमा कसैको नजर नलागोस् भन्ने विश्वासबाट गरिएको हुन्छ । बच्चा जन्मेका छैठो दिनसम्मको अबधिलाई अशुद्ध समय भनिन्छ । यस अवधिमा सुत्केरी महिलाले कसैलाई छुने वा कुलदेवताको घर गोसाइघर जानबाट बञ्चित रहन्छ ।

### ४.३.३ छठीयार :

बच्चा जन्मेको छैठो दिनमा बच्चा एवम बच्चाको आमालाई नयाँ बस्त्र पहनाई तथा बच्चाको आमालाई माइती पक्षबाट आएको साडी साया, ब्लाउज, पहनाई त्यही चुडी समेत लगाइन्छ । त्यसपछि साँझ पख पूजा आर्चन गरी बुढापाकाहरु एवम आफन्तहरु  बोलाई भोज खुवाइन्छ । यस दिन बाट सुत्केरी शुद्धि भएको मानिन्छ । सोही दिन बच्चाको नामाँकरण स्वयम मामा हजुर बुवा एव्म गाउँको वृद्ध व्यक्तिहरुबाट गराइन्छ । जसलाई छठीहार भनिन्छ ।

### ४.३.४ मुण्डन :

बच्चा ठूलो भएपछि पहिलो चोटी हजामबाट कपाल काटने कार्यलाइ मुण्डन भनिन्छ । यो मुण्डन गर्ने कार्य सबैले आ-आफ्नो हिसाबले गर्दछ भाकल गरेकाहरुले प्राय जसो कुलदेवाताको घरमा विशेष पूजा पाठ गरी एव्म हजामलाई विशेष दान दक्षिणा दिई मनाएने चलन छ । यस जातमा कसै कसैको बाबाधाम, कसैले जनकपुरको जानकी मन्दिरमा गई मन्दिर पुजारीबाट पुजापाठ गराई त्यही ठाउँमा रहेको ठाकुरबाट मुण्डन कार्यक्रम गर्ने पनि देखिएको छ । यस अवसरमा सजातीय भोज समेत गर्ने चलन छ ।

### ४.३.५ अन्न-प्राशन

बच्चा जन्मेको ५-६ महिना बच्चालाई अन्न खुवाउने सुरु गरिने पहिलो दिनलाई अन्न प्रदान संस्कार भनिन्छ । यस जातिमा अन्न प्राशनको महत्व बढी नभएको भए पनि साधारण रुपमा कुनै कुने परिवारले मनाउने गर्दछन् । यस जातिमा आफ्ना बालबालिका जब ५ महिनाको हुन्छ भन्ने राम्रो साइत दिन आफ्ना इष्ट मित्रलाई बोलाई र आफ्नो परिवारको भन्दा ठूलो वा मान्ने व्यक्तिले पहिलो चोटी बोलाएर अन्न प्राशन गराएपछि मात्र अन्य सदस्यहरुले अन्य प्राशन गराउँदछन । अन्न प्राशनको कार्य समपन्न भएपछि बालकलाई नियमित रुपमा अन्न खुवाउने गरिन्छ ।

### ४.३.६ देखा - सुनी

विवाह अगाडि केटाकेटी पक्षले विवाहको प्रस्ताव ल्याउन सकिन्छ । त्यसपछि केटा वा केटी बीचको कुरा अगाडि बढ्छ । केटा पक्षबाट केटाको मामा, काका, दाजू एवम् गाउँका स्वजातीयहरु गरी केटीको द्धारमा पुग्छन् । सामान्य चियापान एवम् नास्ता पछि केटी हेर्ने कार्य अगाडि बढ्छ । देखा - सुनी गर्ने कार्य अगाडि बढ्छ । देखा सुनी गर्न आउनेहरु बीच केटी बोलाइन्छ । सो ठाउँमा केटीले आफ्नो सामान्य शिष्टाचार नमस्कार गरी देखा सुन्नी गर्न आउनेहरुले सोधेको कुराहरु एवम् आफ्नो परिचय दिइ सकेपछि देखा सुनी गर्ने कार्य सम्पन्न हुन्छ । केटी मन परेपछि केटापक्षले केटी पक्षलाई केटा हेर्न आउने समय माग गर्दछ । सोही समयमा अप्रत्यक्ष एवम् तवरबाट हाडनाता पर्ने वा नपर्ने नाता पता लगाउछ । मामा, फुपु वा आफ्नो कुलको ६ वा ९ पुस्तासम्मको पर्न आएमा विवाह नगर्ने परम्परा रहि आएको भएपनि अहिले ६ वा ३ पुस्ता वा ३ डिह मिलन गरी फर्छ्यौट गर्ने चलन बढदै गएको छ । उपशील डिह कुनै एउटा मिल्न गएकोमा सो लाई नाता सम्बन्ध कायम भएको ठहर गरी विवाहको प्रस्ताव फिर्ता लिइन्छ । तर डिह नमिलेमा विवाह गर्न सकिने आधार तय हुन्छ तर यो विस्तारै घटने क्रममा छ ।

### ४.३.७ छेका वा रोका :

वैवाहिक सम्बन्धको विवाह गर्ने पक्कापक्कीको रुपमा निश्चित रुपको लागि कन्यापक्षबाट बरको घरमा निश्चित समय तोकिएको मितीमा पुगी कन्यापक्षबाट बरको हातमा पान, सुपाडी, हल्दी, दही लताकपडा, फलफूल, मिठाई दूबो अगाडि पुरोहित ब्राम्हणबाट पुजन गराइन्छ । यसलाई छेका वा रोका

भन्ने गरिन्छ । छेका कार्य विना पुरोहित समेत हुने गर्छ । यो विधि सम्पन्न भएपछि विवाह गर्ने केटा केटीको लगन पुरोहितबाट छोरी विवाह गर्ने बर कन्याको लागि निश्चित तयारीहरु सुरु हुन्छ । यसबाट नै विवाह सम्बन्ध गर्ने कुराहरुको पक्कापक्की हुन्छ र कन्यालाई छेका गर्ने परम्परा रहेको देखिन्छ ।

### ४.३.८ तिलक :

केटी पक्षबालाले आफूले कबुल गरेको सामग्रीहरु नगद तथा सुन चाँदी आदि सबै सामानहरुको साथ आफ्ना भाई बन्धुको साथै साथै स्वजातीय सहित परम्परागत तिलक सामग्रीहरु धान, चामल अक्षता, दुवो, गंगाजल, धोती, गन्जी, तौलिया, फलफूल, आदि सम्पूर्ण सामग्रीहरु बर पक्षको घरमा ल्याई ब्राहमण पुरोहित द्धारा पूजा पाठ गराई प्रदान  गरिन्छ । यसलाई तीलक चढौना भनिन्छ । बरको निधारमा तिलक लगाइन्छ । बरपक्ष र कन्या पक्षको अभिभावकले बरलाई धान चामल, अक्षता, दुवो र गंगाजल छर्केर तिलक लगाई आर्शीवाद दिइन्छ । यसै आधारमा यस विधिको नाम तिलक अथवा तिलक समारोह रहन गएको हो ।

तिलक दहेज दिन कन्या पक्षका विवश्ता हुन गएको छ । तिलक समारोहको मुख्य ध्येय नै तिलक को राशी लिनु रहेको छ । यसको विकृत रुप फूलिएर रकमको मुहाबली बढेर गएको छ । यसरी विवाह गर्नको लगि बर पक्षबाट रकमको मोल तील बढेर गएको छ । दहेजको कारणले गर्दा विवाह परम्परामा सनातन काल देखि नै चल्दै आएको एक अनिवार्य विधि हो । तिलक चढौना सम्पन्न भएपछि कन्या पक्षवालाहरु वर पक्षको घरबाट विवाह हुन्छ ।

### ४.३.९ विवाह :

चमार जातिको समाजले विवाहलाई धार्मिक तथा दैवीक संस्कारको रुपमा लिइएको पाईन्छ । यसलाई सामाजिक जीवनको साझेदारीको रुपमा विकसित गर्न यो समाज पनि अगाडि आएको देखिन्छ । विवाह एक पुरुष एक नारीको आजीवन साथ साथ जीवन जिउने तथा वंश परम्पराको विस्तार गर्ने कार्यको लागि गरिएको एक सामाजिक सम्झौता तथा धार्मिक कार्य हो । यिनीहरुमा सजातीय विवाहको परम्पागत मान्यतालाई कठोरता पूर्ण पालन गर्दछ । यिनीहरु सजातीय विवाहमा सामाजिक परम्परा कायम गर्दछ । विवाह सम्बन्ध जोडने परम्परा अनुसार विधि विधानहरु पालन गरिन्छ । हाड नाता छुट्याउन डिह उल्लेख गरी मिलान गरिन्छ । डिह मिलाउने परम्परा पूर्वज देखि नै चल्दै आएको छ ।

पहिले पिता पक्षको ९ पुस्ता आमा पक्षको ९ पुस्ते डिह भने चलन भएपनि अहिले पितापक्षबाट ३ र आमापक्षबाट ३ डिह उल्लेख गरी विवाह गर्ने गरेको पाइन्छ । डिह मिल्न गएमा वा केटा वा केटी पक्षबाट उस्तै नाम भएको डिह संकेत एक ओटा पनि उल्लेख भएमा सम्बन्ध रहदछ । एक आपसमा विवाह हुँदैन । डिह नमिलेको खण्डमा विवाहको कुरा अगाडि बढ्छ । विवाहको एक एक विविधहरुमा वैवाहिक लोक गीतहरु गाउने चलन छ । यस समाजमा विवाह एक महत्वपूर्ण संस्कार मानिन्छ । विवाह संस्कार एवम धार्मिक सामाजिक एवम सामाजिक दुवै भएकोले विवाह कार्य अहिले पनि यस समाजमा रात्रीको समयमा मात्र गर्ने चलन छ । हाल कुनै कुनै विवाह दिनमा पनि सम्पन्न हुन थालेका छन् । विवाहको लागि वर पक्षबाट बाजा, गाना, भाइभारदार, करकुटुम्भ, इष्ट मित्रहरु लिएर कन्याको घरमा जयन्ती पुग्ने परम्परा कायमै छ । यस जाति महिलाहरु जन्ती बराती जाने परम्परा रहेको देखिदैन । तर बर पक्षका नजिकको आफन्त महिलाहरु पनि जन्तीमा सामेल भएको देखिएको छ । अन्य विधि विधान रसम गरी स्वागतिय पंडित वा ब्राहमण पंडितद्धारा वैवाहिक मंत्रहरु वाचन गरी विवाह सम्पन्न गर्ने परम्परा अध्ययनले देखाएको छ ।

**तालिका नं. ९ चमार जातिका घमूलीको विवाह गर्दाको उमेर स्थिति**

| क्र.सं. | उमेर समुह | घरमूली संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १४ - २० | ५० | ८९.२८ |
| २ | २१ - २५ | ५ | ८.९२ |
| ३ | २६ - ३५ | १ | १.७८ |
| ४ | ३५ भन्दा माथि | ० | ० |
| | जाम्मा | ५६ | १०० |

**स्रोत : स्थालगत सर्वेक्षण २०७६**

उपयुक्त तालिकाबाट के देखिन्छ भने चमार जातिको घरमूलीहरुको विवाह १४ - २० उमेर भित्र गर्नेहरु संख्या ५० (८९.२८%) भएको पाईन्छ । त्यसैगरी ५ (८.९२%) घरमूलीहरुले २१ - २५ वर्ष उमेर भित्र विहे भएको कुरा बताएका थिए । २६ - ३५ वर्ष उमेरमा विवाह गर्ने घरमूलीहरुको संख्या १ (१.७८%) भएको पाइन्छ । ३५ वर्ष भन्दा माथि उमेर समूहमा घरमूली यस अध्ययनमा ७० वर्षीय वृद्धा व्यक्तिसँग पनि सोधपुछ गरी तथ्याङ्क सङकलन गरीको हुँदा आज भन्दा करिब ५० देखि ५५ वर्ष अगाडि गरेको विवाहको उमेर अनुसार उपयुक्त भएको हुदाँ पनि यस जातिमा सानो उमेरमा विवाह भएको हुन्थ्यो । हाल यस जातिमा विवाह गर्दा केटाको उमेर २४ देखि ३० वषृ केटीको उमेर २०-२५ वर्ष लाई राम्रो मान्ने गरेको देखिन्छ । विवाह गर्दा केटाको उमेर भन्दा केटीको उमेर कम हुनु पर्छ भनी सोच राखेका हुन्छन ।

### .४.३.१० मृत्यु संस्कार (अन्त्येष्टि संस्कार)

प्रत्येक समाजमा अन्त्येष्टि संस्कारको आफ्नै तरीकाहरु अपनाइएको हुन्छ । यस समाजले पनि जन्मदेखि मृत्युसम्मको संस्कारहरु अपनाएको छ । मृत्यु संस्कारमा जन्म संस्कार जस्तो उत्साह, उमंग र भावना पूर्ण वातावरण हुदैन । मृत्यु संस्कारमा शोक रुवावासी एवम चिनताग्रस्त वातावरण हुन्छ । मृत्यु पर्यन्त मृतकलाई घरको आँगनमा उत्तरमुख दक्षिण तर्फ खुट्टा गरि सुताइन्छ । मृतकलाई घिउ, तेल, अगरवती, धूप, फूल आदि चढाई राखिएको हुन्छ । छोरी चेलीहरुको रुवावासी बढी पिडादायक हुन्छ । मृतकलाई जलाउने चलन छ तर साना नानीहरु बच्चा आदिको मृत्यु भएमा जलाशय नदी नजिक गाड्ने चलन छ ।

जलाउने कार्य नदीको किनारामा प्राय जसो गरिन्छ यहाँ कमला नदीको तटीय किनारमा मृत्कहरुलाई जलाउने परम्परा रही आएको छ । शबलाई घरको आँगनमा राखेर अगवरतीको धूप र घिउको दिप जलाएर एवम् विभिन्न किसिमको तेलहरु लगाउने काम गरिन्छ । त्यसपछि शवलाई घर आँगन द्धारामा लगी काचो बाँसको टाटिमा राखेर सेतो वस्त्र औढाई खरको डोरीले बाँधी छोराहरु भतिजा आदिले काँधथापी घाटसम्म पुऱ्याउने कार्य गर्छ । यस अवसरमा आफन्तहरु, गाँउ, समाजहरु, कर कटुम्बहरु समेत यस अवसरमा मलामी जसलाई स्थानीय भाषमा कठियारी भनिन्छ यसमा भाग लिएका हुन्छन । बूढाहरु उमेर पुगी मृत्यु भए किर्तन भजन ढोल हरमोनिया बजाउदै राम नाम किर्तन गर्दै घाटसम्म

पुग्छ । नासालाई उठाएर घाट तिर लानेवेलामा शंख फुक्दै पैसा तोरी कोदी छरेर हिडछ । घाटमा दाउरा चितामाथि खरको झुकी बनाएर डोम जातिसँग आगो राखी खरिद गरी छकीमा आगो सल्काए जेष्ठ वा कान्छो छोराद्धारा आगो दिइन्छ । मुखमा आगो दिने क्रममा पाँच पटक शवको चारै तिर परिक्रमा गर्दछ । एक जना पाचक बस्छ । पाचक भन्नाले १३ औ दिनसम्मको सिरियाको क्रममा दागवती दिने व्यक्तिलाई केही भए वा अस्वस्थ भएमा पाचक बस्ने व्यक्ति त्यो सम्पूर्ण संस्कार पाउँदैन ।

पुरुषहरुको हकमा विवाहित पुरुषको मृत्युभएमा उसको पत्नीको सिन्दुर सिन्दुरदानी र चुरा राखी दिन्छ । यसपछि उसको पत्नीले आजीवन सिन्दुर र चुरा लगाउदैन ।

दागवती दिइसकेपछि नास पूर्ण रुपमा नजलेसम्म मलामीहरु त्यही बसिरहेको हुन्छ । दागवती दिने व्यक्तिलाई कर्ता भनिन्छ । कर्ता हुने बेलामा सेतो बस्त्रको एउटा धागो बनाएर घाँटीमा घुन्टा पारेर राखिन्छ । जसलाई स्थानीय भाषामा हाल्का अथवा उत्तरी बोकेको भनिन्छ । यो अध्ययन क्षेत्रमा कबीर धर्म मान्नेहरुको संख्या निकै कम भएको हुँदा उक्त धर्ममा कर्ताले उत्तरी नलिने चलन पनि रहेको पाइएको छ । लास पूर्ण रुपमा जलिसकेपछि अर्थिलाई पानीमा बगाउछन् । अर्थिको रुपमा केही साथमा समेत ल्याउने गर्दछन । जसलाई पछि गंगामा गई बगाउने गर्दछ ।

मलामी एवम जलाउने कार्य सम्पन्न गरी सकेपछि आफ्नो घर फर्कि नुहाई धुयाई गरी मात्र खाना खाने चलन छ । यो संस्कारको चलनमा तेराइत, सतलहन, नहकेश, श्राद्ध, सम्पीण्डन र बर्खी जस्ता कार्यहरु सम्पन्न गरिन्छ ।

**४.३.११ भाषा, भेषभूषा र रहनसहन :**

विश्वामा सबै मानिसहरुका लागि आफ्ना मनको भावना विचार, कुण्ठा आदि विनिमय गर्न कुनै न कुनै भाषाको जरुरत पर्दछ । नेपालमा बसोबास गर्ने विविध जात-जातिका मानिसहरुले पनि आ-आफ्ना भावना प्रकट गर्ने माध्यम उनीहरुले प्रयोग गर्दै आएको मातृभाषा नै हो । चमार जातिले पनि परापूर्व कालदेखि नै आफ्नो मातृभाषाका रुपमा मैथिली भाषालाई बढी प्रयोग गर्ने गरेको देखिन्छ । यस जातिका मैथिली भाषा बाहेक अर्को छुटै भाषा भएको पाइदैन । भेषभूषाको रुपमा महिलाहरु सारी, ब्लाउज, कुर्ता, सलवार पहिरन लगाउँछन । पुरुषहरु पैन्ट, सर्ट, बुढोह धोती, कुर्ता, केटाहरु जिन्स, पेन्ट, भेस्ट लगाउछन् तथा मौसम अनुसार पहिरन फरक फरक हुन्छ । जाडोमा कोट, पेन्ट, मौजा, जुता, जर्सी,

ज्याकेट लगाउने गर्छ भने बुढा पाखाहरु पनि ट्राउजर माथि धोती र स्विटर माथि कमिज लगाउने गर्छ । गर्मी महिनामा जुता भन्दा चप्पल बढी लगाउने गर्छ । महिलाहरु गहना लगाउने चाहना राखेका हुन्छन । नाक, कान, गलामा खुट्टामा पया लगाउन  चाहेका हुन्छन । नथिया, बाली, मंगलसुत्र आदि महिलाहरुले लगाउने गर्दछ ।

हिन्दू धर्मको अनुसार गर्ने विभिन्न जातिहरु मध्ये चमार जाति पनि एक हो । तर चमार जातिहरु हिन्दू धर्म भित्रै विभिन्न पंन्थी अनुसार आफ्नो धार्मिक गतिविधि सञ्चालन गरी धर्मकर्म गरेको अध्ययनले देखाएको छ ।

### ४.३.१२ धर्म :

**तालिका नं. १० चमार जातिले अनुसरण गरेका धर्मको विवरण :**

| क्र.सं. | धर्मको विवरण | परिवार संख्या | जनसंख्या प्रतिशत |
|---|---|---|---|
| १. | हिन्दू | ५५ | ९८.२१ |
| २. | वौद्ध | ० | ० |
| ३. | क्रिश्चियन | १ | १.७८ |
| जम्मा | | ५६ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण २०७६**

माथिको तालिका अनुसार यस क्षेत्रका प्राय सम्पूर्ण चमारहरु हिन्दू धर्म नै मान्ने गरेको पाइन्छ । तर केहीले क्रिश्चियन धर्म मान्ने गर्छन् । हिन्दू धर्म भित्र विभिन्न मत राखि अनेक धर्म पन्थीमा आस्था र विश्वास राखि भगति भजन गरेको पाइन्छ । जस अनुसार हिन्दू धर्म भित्रै रहेर विभिन्न धर्म पन्थी अनुसार अनुकरण गरेको छ । जुन तलको तालिकाबाट स्पष्ट पार्न खोजिएको छ । ५६ घरधुरी मध्ये ५५ हिन्दू धर्म मान्दछन भने १ घरधूरीले क्रिश्चियन धर्म मान्ने गर्दछ ।

**तालिका नं. ११ हिन्दू धर्म रही विविध पन्थी अनुकरण गर्ने :**

| क्र.सं. | धर्मको विवरण | परिवार संख्या | जनसंख्या प्रतिशत |
|---|---|---|---|
| १. | रामपन्थी (सम्प्रदाय) | ५० | ८९.२८ |
| २. | कबीर प्रन्थी (कबीर लाई मान्ने) | ५ | ८.९२ |
| ३. | जिषश काइस्ट प्रति आस्था | १ | १.७८ |
| जम्मा | | ५६ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण २०७६**

जो जुन पन्थी रहे पनि हिन्दू धर्मलाई मूल धर्म मानी अनिवार्य रुपमा गाउँका डिहवार बाबालाई वर्षमा एक पल्ट धुमधामले चिनीबाट बनेको लड्डु, पानको पात र सुपारी चढाई गाउँलेहरु मिलीजुली चामल, चिनी र दूधको खीर बनाई भोज गर्ने चलन रहको पाइएको छ ।

## ४.३.१३ चाडपर्व

हिन्दू धर्मलाई निकै अनुसरण गर्ने यी जातिहरुले हिन्दु धर्ममा मानिने चाडपर्वहरु नै मान्ने गर्दछन् । जुडशीतल, नागपञ्चमी, राखी बन्धन, कृष्णजन्माष्टमी, चौठी चाँद, जितीया पर्व, दसहरा दशमी, दिवाली, भरदुतीया (भाइ तिहार), छठ पर्व, समाचकेवा, माघेसंक्रान्ती, सरस्वती पूजा, होली (फगुवा) रामनवमी जस्ता चाडहरु मनाउने गर्दछन् । जुडशीतल (सिरुवा नयाँ वर्ष हिन्दू धर्म र दर्शनमा आस्थावान यस समाजले विभिन्न अवसरहरुमा आ-आफ्नो मूल्य र मान्यता अनुसार विभिन्न पर्व र त्योहारहरु मनाउने गर्दछन् । जस अनुसार प्रत्येक वर्षको वि.सं. को प्रारम्भमा बैशाखको १, २ गतेको तिर ठूलाले सानोलाई शीरमा जल छर्केर आर्शीर्वाद दिने प्रचलन रहेको छ । यसको साथै २ गतेको सूर्य उदय भन्दा अगावै विभिन्न प्रकारका सब्जी, व्यञ्जन, तरुवाहरु पकाई सूर्य उदय पछि खाने भएकोले त्यस पर्वलाई २२ पर्व समेत भन्ने चलन छ । यसरी नयाँ वर्ष वि.सं. को प्रारम्भमा यो पर्व मनाएर वर्ष भरि मंगल कामना गरी यो पर्व मनाइन्छ । यस पर्वको अवसरमा एकले अर्कालाई आफू कहाँ बोलाएर

तयार पारिएको परिकारहरु खुवाउने चलन रहेको छ । एकले अर्कालाई नयाँ वर्षको हार्दिक मंगलमय शुभकामना सटासाट गर्दछ । यस पर्वमा खानपिनमा प्रयोग गर्ने परिकारहरु व्यञ्जनहरु

फूलौरी : - एक किसिमको चामलका पीठोको गोला परिकार

बरी : - बेसनलाई गोलो बनाई तेलमा पकाएको

तरुवा : - आलु, भन्टा, टमाटर, कोबी, केरा, प्रवल, भिन्डी, आदिलाई चिरेर मशाला हाली वेशन लगाएर पकाएको परिकार

चटनी : - पुदिना, धनिया, पात, अमिलो चिजविज मिलाएर बनाएको पिसेर तयार पारेको परिकार

कचरी : - प्याजलाई उतारेर (काटेर) बेशन मिलाई चरेटो आकारमा बनाएर तेलमा पकाएको परिकार

चप : - आलुलाई तातोपानीमा पकाएर, त्यसको बोक्रो हटाएर चटनी बनाई बेशनमा लगाई तेलमा छानेर बनाएको परिकार लगायत यस अवसरमा खानामा खाने गर्दछन ।

**राखी /रक्षा बन्धन**

प्रत्येक वर्षको श्रापण शुकल पुर्णिमाको दिन विशेष उत्साह एवम उमंगको साथ मनाउने यो पर्वमा पहिला पहिला पुरोहित ब्राहमणहरु घरमा आएर सबैको हातमा रक्षाको सत्र धागो रातो वा पहिलो धागो हातमा बाधि आर्शीवाद दिने चलन रहेको थियो । विस्तारै विस्तारै बहिनी वा दिदीहरुले दाजु भाईको हातमा रक्षाको प्रतिक धागो बाधेर संकटबाट रक्षा गर्न कामना गरिन्छ । यस अवस्थामा आफ्नो घरको पुरोहित बाहुनहरुलाई चामल रुपैयाँ आदि दान गरिन्छ । दाजु भाइले साडी, साया, ब्लाउज, नगद तथा मिठाई उपहार दिने चलन छ ।

**कृष्ण जन्माष्टमी**

भाद्र महिनाको कृष्ण पक्षमा भगवान श्री कृष्णको जन्म उत्सव अन्य हिन्दु धर्मावलम्वीहरुले मनाउने पर्व हो । यिनीहरु समेतले यो पर्व मनाउछन । यो पर्व खास गरी आफूले चिताएको मनोकामना पुरा गर्न भाकल गरी भरेपछि भाकल भए बमोजिम कृष्णको मूर्ती माटोले निर्माण गरी सोको पूजा आजा समेत

गरिन्छ । यस अवसरमा रातभरी पूजा पाठ गरी अर्को दिन नजिकैको जलाशयमा मूर्तिलाई विसर्जन गर्दछन । भगवान विष्णुको अवतारको रुपमा कृष्णलाई लिने गरिन्छ । यस अवसरमा सार्वजनिक रुपमा बनाइएको मूर्तीहरुमा मेला समेत लगाउने गर्दछ ।

**चौठीचान (चौरचन)**

यो पर्वमा आँगनमा लिपपोत गरी घरको महिलाको दिनभर बिनराहार बसी, आफैले पकाएको खीर, पुडी, केला, नरिवल, अम्बा, सलिका, पान, सुपारी लगायत सामग्रीहरु तथा माटोको भाँडोमा जमाएको दही चाँद (चन्द्रमा) लाई चढाई प्रसादको रुपमा खाने चलन छ । यो पर्व गर्नाले चर्मरोग (व्याधी) घरमा प्रवेश गर्न पाउदैन । सुख : शान्ति एवम् धनको प्राप्ति हुन्छ ।

**जीतीया पर्व**

यो पर्व अशोज महिनामा मनाउने पर्व भएपनि तिथिमा कहिले काँही घटबढ समेत हुन सक्छ । यो पर्व महिलाहरुले मात्र मनाउने गर्छ , यो पर्वको अघिल्लो महिनाको महिलाहरुले दिनमा पोखरी एवम् नदी किनारमा नुहाएर घिरौलाको पातमा तोरीको तेल खीर जितमाहनलाई चढाएर अनिमात्र खाने चलन छ । यस पछि सप्तमी तिथिको रात्रीको नुहाएर प्रभातको समयमा पुण : नुहाएर, दही चिनी च्युरा, केला सुपाडी धूप अगरबती हल्दीको पातमा चढाएर इच्छाअनुार खानाखाई अष्टमी तिथिमा पूर्ण रुपले उपवास बसी नवमी तिथिमा घिरौलाको पातमा चामल, केला, चिनी, केराउको दाल पान सुपाडी चढाएर जितमाहन देवताको पूजाबारी व्रत वस्नेले व्रत तोरिन्छ । यसरी जितिया पर्व सम्पन्न गरिन्छ । जितमाहनको पूजा गर्नाले आफ्ना सन्तान बिना रोगी स्वास्थ्य रहने तथा बढी उमेर जिउने विश्वास राख्ने गर्दछन ।

**दशहरा दशमी**

यस समाजले मनाउने विभिन्न चार्ड पर्वहरुमा दशहरा अथवा दशमी पनि एक महत्वपर्ण चाड हो । हिन्दू धर्म र संस्कृतिमा आस्थावान समाजले दशहरा, पहिलो दिनलाई कलश स्थापना घटस्थापनको दिनको रुपमा लिइन्छ । कलश स्थापना गर्दा घरको कूल देवताको पूजा आजा गरी कूलदेवताको छेउमा एउटा पितलको लोटा अथवा माटोको कलशमा पानी भरेर औछ्याएको वालुवा माथि गहुँ, अथवा जौ

छरिन्छ । यो माथि कलश राखिन्छ । कलश स्थापनादेखि दशमीसम्म दिनहु कुल देवताको पूजा गरिन्छ । दशमीको भोलि पल्ट “जात्राको दिन” कलशमा राखेको सामग्री नजीकको जलाशयमा बगाईन्छ । तर त्यो सबैले अनिवार्य रुपमा गरेको पाइदैन । कलश स्थापनाको दिन देखि दशमीसम्म दैनिक नजिकै देवी मन्दिर तथा कुल देवताको पूजा आजा गरी विताउँछन । भने सप्तमीका दिनमा बली दिने कूल देवता भएकाहरुले बोका, भेडा, पाठी, आदि बली दिइ पूजा गर्ने चलन छ । बली दिन नमिल्ने कूल देवताहरुमा खास गरी काली बनी, भगवती गहिल हुने गर्दछ । बली दिन नमिल्ने कुलदेवताको घरमा यसरी बली पूजा गर्दा कसैको सप्तमी, कसैको अष्टमी तथा कसैको नवमीको बली दिने चलन रहेको छ । यसरी बली दिइएको बोका, भेडा, पाठा पाठीको मासु प्रसादको (रुपमा सजातिय भित्र) रुपमा खाने चलन छ । दशैको दिन अथवा, दशमीको दिनमा नजिकको मेला गर्ने चलन छ । दुर्गा भगवती, काली आदि देवी देवताहरुको माटीको मूर्ति निर्माण गरी सार्वजनिक रुपमा बनाएको चौक, हाटबजार जस्तो ठाँउमा मेला लाग्ने गर्दछ । दशैको भोलिपल्ट अथवा जात्रा सकिएर मूर्तिहरु जलाशयमा विसर्जन गर्ने गर्दछ ।

### दिपावली

ऋतुवर्षको रुपमा मनाइने यो चाड पनि यहाँको हिन्दू समाजको अत्यन्त महत्वपूर्ण चाड हो । यो समाजले पनि यस अवसरमा गाई गोरु तथा दिदी बहनीले दाजुभाईको पुजा गरेर सबै प्राणीहरुलाई सम्मान गर्न सिकाउने अंध्यारो रातलाई चेतनारुपी दियो बालेर मनाउने गरेकोले यस चाडलाई दीपावली भनिन्छ । यसै दिन धनकी देवी लक्ष्मी माताको पूजा गर्ने गरिन्छ । माटोबाट बनेको दिया सरसौ, तोरी आलस जस्ता बस्तुको तेल हालेर कपासको बति बनाई दियो घरको ढोका, कुल देवताको घरमा, आँगनमा हाटमा तथा खेतवारीमा समेत रीखन्छ दियोले झकिझकाउ हुने यो दिन भएकाले यस दिनलाई दियाबाति समेत भनिने गरिन्छ । रातमा लड्डु मुङ्गबा मिठाई फलफूल धूप अगरबती एवम विभिन्न प्रकारका पूजन सामग्रीहरु प्रयोग गरी माता लक्ष्मीको पूजा पाठ गरिन्छ ।

### छठ पर्व

तराईको अन्य जात जातीहरुको व्यक्तिले मनाए झै चमार जातिका व्यक्तिहरु पनि छठ पर्व मनाइएको पाईन्छ । सूर्य देवता अथवा छठी मातासँग गरेको भाकल बमोजिम फल प्राप्ति पछि मनाईने पर्व भएकोले भाकलबाट फल प्राप्त गर्नेहरुले यो छठ पर्व मनाइएको पाइन्छ । छठ शब्द संस्कृतको षष्टी

शन्दको अपभ्रस हो । पञ्चमीमा नुन बिनाको भोजन, षष्ठीमा निर्मल उपवास, र सप्तमीमा समापन गरी यस पर्वको तिथिहरु षष्ठी तिथि महत्वपूर्ण भएको हुनाले नै यो पर्व छठ नाउँबाट प्रसिद्ध भएको छ । (डा.शर्मा ऋषि, प्रसाद, नेपाल राष्ट्रिय चाडपर्व, पेज १३९, २०६३ काठमाडौं)

**सामाचकेवा**

यो पर्व छठ पर्व समापन भएको नवौ दिन पछि मनाइने पर्व हो । सामा भाई र चकेवा बहिनीको प्रतीकको रुपमा रहेको यो पर्व तराईका अन्य विभिन्न जात जातिहरुमा प्रचलित रहेको पाईन्छ । माटोका विभिन्न सातवटा प्रतिमाको रुपमा साना साना मूर्तिहरु बनाएर मनाइने यो पर्वमा भाईहरुलाई अगाडि राखि दिदी बहिनीहरुले गाउदै रात्रीको समयमा मनाउने पर्व रहेको छ तर हाल यो पर्व मनाउने महिलाहरुको संख्या कम रहेको अध्ययनले देखाएको छ ।

**माघेसंक्रान्ति**

यस पर्वलाई तिला संक्रान्ति पनि भनिने चलन छ । तिला संक्रान्ति पर्व कहिले देखि प्रारम्भ भयो भन्ने बारेमा समाज अनविज्ञ रहेको छ । यो पर्व विशिष्ट हर्षोलासका साथ मनाइन्छ । संक्रान्तिको अर्थ एउटा ठाउँबाट अर्को ठाउँमा जानु अर्थात एउटा अर्को संग मिल्नु यसरी जुन दिन सूर्य एक राशी देखि अर्को राशीमा प्रवेश गर्छ । यस दिनलाई संक्रान्ति भनिन्छ । यस पर्वमा सितजलमा डबुल्की मारी स्नाल गरी विभिन्न परिकारहरु खाने, यो पर्वमा गाउँ वस्तीको नजिक रहेको नदी, नालाहरुको किनारामा मेला समेत लाग्ने गर्दछ । यस पर्वमा तील, नयाँ चामलको खिचडी, सक्खर गुड मिसाएको तिलको लाई लड्डु, चुराको लड्डु, मुरही भुजाको लड्डु समेत खाने चलन छ ।

**सरस्वती पूजा**

विद्याकी देवी सरस्वतीको पूजा यस समाजका विद्यार्थीहरुले आफ्नो स्कूलहरुमा सामुहिक पूजा गरी मनाउँदछन । कसैकसैले आफ्नो घरमा माटोबाट सरस्वतीको मूर्ति बनाई पूर्ण रुपमा श्रृङ्गार गरी दिनभर पूजा अर्चना गरीकन विहानपख नजिकैको पोखरी तलाउ अथवा नदीमा विसर्जन गर्दछन ।

मूर्ति बनाउँदा सरस्वातीको हातमा ज्ञानको प्रतीक पुस्तक, संङ्गितको प्रतीक वीणा, एकाग्रताको प्रतीक माला, हाँसको बाहनको रुपमा बनाएको हुन्छ । यस दिन विद्याकी देवी सरस्वती पूजाको दिन बच्चाहरुलाई अक्षर आरम्भ समेत गर्ने प्रचलन रहेको पाइन्छ ।

**होली /होरी**

श्रीपञ्चमी देखि गाँउघरमा होली गीत गाउने प्रारम्भ हुन्छ । होली पर्व फागुण पूर्णिमाको दिन विहान देखि नै सवैले घरमा लिपपोत गरी सफा सुग्धर गरी कुल देवताहरुको पूजा पाठ गर्ने गर्दछन । घरमा पूवाँ, खीर पकाएर कुलदेवतालाई चढाउने प्रचलन रही आएको छ । यसको साथ साथै देवर भाउजु, नन्द भाउनु, साली भिनाजु बीच हाँसो ठट्टा गर्ने सम्बन्धमा रँग एवम अवीर छर्कन तथा रंग अबीर साटासाट गर्ने तथा जीउमा मुखमा रंग अबीर दलेर खुशीयाली मनाउने चलन छ । साना साना बालबालिकाहरु युवा युवतीहरु एक आपसमा पुचकारीले रंग अबीर छरेर होली मनाउँछन । रंग अबीरको यो पर्वमा गाउँले युवा युवतीहरु एक आपसमा रंग साटासाट गरी सकेपछि बुढापाका एवम पुवाहरुले ढोल, डम्फा आदि बजाउदै, होली गीत गाउदै एक अर्कोको घरमा होली खेल्न जान्छन । यसरी घरघरमा होली गाउदै जाँदा त्यस घरको मुलीबाट रंग अबीर लगाएर सबैको स्वागत गर्दछ । आफ्नो गाउँ अनुसार होली गाउनेहरुलाई रुपैया, धान, चामल आदि प्रदान गर्दछ । यसरी संकलन भएको धान चामल रुपैया पैसाबाट यिनीहरुले सामाजिक कार्यमा खर्च गर्दछन । दिनभरको होली खेलेपछि राती गाउँको दुई सीमानामा होली दहन गरेपछि होली विधिवत समाप्त भएको मानिन्छ ।

**रामनवमी**

चैत शुक्ल नवमीको दिन भगवान रामको जन्म भएको हो  यस दिनलाई रामनमीको रुपमा समाजले मनाउदछ । यस पर्वको कथा त्रेता युगको अयोध्याका राजा दशरथको ज्येष्ठ छोरा श्री रामचन्द्रले रावनसँग लंकाका रावणको वध गरेर लंकालाई अन्याय बाट मुक्त गरेका थिए । रामलाई एक बीर पुरुष र मर्यादा पुरुषोत्तमका रुपमा मात्र समत यो समाजले मान्दछन । रामनवमीको दिनमा माछा, मासु, खाइदैन, कसैकसैको घरको आँगनमा हनुमानको प्रतीक राखिएको बाँसको धुजा फेर्ने काम पनि हुन्छ ।

कोही कोही जनकपुरमा गएर राम सीताको मन्दिरमा दर्शन गरेर आउने गर्दछन । गाँउमा राम नामको जप अष्टजाम भागवत कीर्तन गर्ने कार्य समेत गरेको हुन्छ । अत : समाजमा यस प्रकारले रामनवमी लाई मनाउदै घरमा मंगल एवम् सुख शान्तिको कामना गर्दछ ।

**साँस्कृतिक परिर्वतन**

चमार जाति पनि हिन्दू धर्मका अनुयायी भएको कारण उनीहरुका संस्कार पनि हिन्दू धर्मालम्बीसँग मिल्दो जुल्दो नै हुन्छ । मानिस जन्मदेखि मृत्यु पर्यन्त र मृत्युपछि पनि आफ्ना सन्तानहरुकमो माध्यमले अनेकन संस्कारहरु गर्ने जातिमा पर्दछ । जन्म संस्कारकै कुरा गर्दा पहिला पहिले यी जातिले घर मै सुत्केरी गराउने चलन थियो भने अहिले गर्भवती अवस्थामा नियमित जाँच गराउनु पर्दछ र सुत्केरी गराउदा पनि सुरक्षित तरिकाले अस्पतालमा वा तालिम प्राप्त स्वास्थ्य कर्मीहरुद्धारा गराउनु पर्दछ भन्ने भावना पैदा भएको छ । त्यसैगरी अन्य जातिमा नै कसै कसैले बच्चा जन्मेको ५-६ महिनामा अन्न प्राशनको कार्य पनि आफ्नो आर्थिक अवस्था अनुसार धुमधाम सँग मनाउने चलन पनि आएको देखिन्छ विवाहको कुरा गर्दा पहिले पहिले सानै उमेरमा विवाह गरिदिने तथा विवाहको लागि बाबु आमाले नै केटाकेटी खोजिदिने चलन थियो भने अहिले आएर विवाह गर्ने उमेर बढनुका साथै प्रेम विवाह गर्ने चलन पनि पहिला भन्दा विस्तारै बढेको देखिन्छ । बालबालिका पढाउन उमेर पनि पहिला भन्दा फरक देखिएको छ । पहिला आफ्ना बालबालिका ५-६ वर्ष पुरा भएपछि मात्र स्कूल भर्ना गर्न पठाउने भन्ने अहिले ३-४ वर्ष पुरा भए पश्चात प्राईभेट स्कुल तथा सरकारी स्कुल पठाउने गर्ने गरेको छ । भेषभूषाका रुपमा पुराना पुस्ताका महिला सारी, ब्लाउज, चोलो, साया, पटुका, आदि पहिरन लगाउँछन भने नयाँ पुस्ताका केटीहरु कुर्ता सुरुवाल तिर उन्मुख भएको जिन्स, पैन्‌ट भेष्ट, ज्याकेट, त्यसैगरी पुरुषहरु धोति, कुर्ता कमिज, स्रुवाल आदि अगाउने गर्थे भने अहिलेका केटाहरु सर्ट, पाइन्ट, जुता मौजा बढी रुचाउँछन तर गाउँका बुढाहरु भने धोती कुर्ता लगाउन छाडेका छैनन भनि अध्ययनले देखाएको छ ।

# अध्याय - पाँच

## सारांश, निष्कर्ष र सुझावहरु

### ५.१ सारांश

नेपालमा चार जात र छतीस वर्णका मानिसहरु बसोबास गर्दै आएको एउटा साझा फूलबारी हो । यहाँ विभिन्न जात जातिका मानिसहरु युगौ देखि बसोबास गर्दै आएका छन । भौगोलिक विविधता भएको यो देशमा विभिन्न किसिमका धर्म मूल्य, मान्यताहरु बोकेको मानिसहरु बसोबास गर्दछन् । प्रदेश नं. २ को राजधानी देखी पूर्व टाँसिएको जिल्ला सिरहा, कल्यानपुर नगरपालिका वार्ड नं. ३ का चमार जातिका सांस्कृतिक अवस्थाको बस्तुस्थित बुझ्ने उदेश्यले यस ठाउँलाई अध्ययन क्षेत्रको रुपमा लिइएको छ । चमार हिन्दु धर्म मान्ने जातिहरु अर्न्तगत पर्दछन् । जुन नेपालको तराई भागमा बढी बसोबास गर्दछन् । यिनीहरुको अन्य जातिको झै सामाजिक सांस्कृतिक परम्परा मूल्य मान्यता रहेको पाईन्छ । यहाँ चमार आफ्नो दैनिक गुजारा चलाउन परपम्परागत पेशा जुता सम्बन्धी कार्य , पशुपालन, जागिर साथै स-साना व्यापार, व्यवसाय, संघ संस्थामा आवद्ध र युवाहरु बैदेशिक रोजगार तर्फ बढी आकर्षण भएको पेशामा लागेको समेत देखिन्छ ।

यो अध्ययनको मुख्य उद्देश्य भनेको यस वडामा रहेका चमारहरुको साँस्कृतिक आर्थिक अवस्थामा पहिचान गर्नु हो । यस कार्यमा अनुसन्धान गर्न अन्तरवार्ता अवलोकन विधिलाई प्रमुख मानिएको छ । यो वर्णात्मक र विश्लेषणात्मक किसिमको अनुसन्धान हो । तथ्याङ्क संकलन गर्नको लागि प्राथमिक स्रोत र द्वितीय स्रोत प्रयोग गरिएको प्राथमिक किसिमको तथ्याङ्क संकलन गर्न अन्तवार्ता, अवलोकन विधि प्रयोग गरिएको छ । यहाँका चमाहरुको सामाजिक, साँस्कृतिक विभिन्न पक्षको साँराश निम्न प्रकारले प्रस्तुत गरिएको छ । जन्म घरमा तथा अस्पतालमा गराएपनि ६ दिन सम्म सुत्केरी घरभित्र छठियार गर्ने, छठियारको दिन सुत्केरी तथा बच्चालाई नुहाइ धुवाई गरी नयाँ वस्त्र कपडा पहिराई छठी माताको पुजा, पाठ गरिने चलन छ । विवाहको कुरा गर्दछ मागि विवाह गर्ने चलन छ । तर आज भोलि कतै प्रेम विवाह पनि गर्न थालेको छ । केही मात्र अन्तर जातीय बिबाह पनि गरिन्छ । मृत्यु हुँदा घाटमा लैजाने जेठो अगुवा कान्छो छोरा भध्ये कुनै एकले दागवती दिने र एउटा भाई पाचक बस्ने र १३ दिन सम्म किरिया बसी जातिय परम्परा अनुसार भोज भतेर गरी शुद्ध भई अन्तिम संस्कारको रुपमा पंडित

बाहुन र हजामलाई दान दिइने प्रथा रहेको पाईन्छ । यिनीहरु धर्मकर्ममा विश्वास गर्दछन । धेरै जसो देवी देवतामा विश्वास गर्ने, भूत प्रेतमा विश्वास गर्ने, पुजापाठ गर्ने, घरको कुल देवताको पुजा गर्ने गर्दछ ।

यहाँ चमारहरु चाड पर्वहरु जुड शीतल, रक्षाबन्धन, कृष्ण जन्माष्टमी, चौठी चान चौरचन, जितिया, दशहारा, दशमी, दिपावली, छठपर्व, समाचकेवा, माघे संक्रान्ति, सरस्वती पुजा, होली पर्व रामनवमी आदि छन । औधोगिकीकरण, पश्चिमीकरण, शहरीकरण र शिक्षाको कारणले, शिक्षा कृषि प्रणाली जातिय भावना, जन्म विवाह, मृत्यु, संस्कार राजनीती आदिमा परिर्वतन भएको छ ।

## ५.२ निष्कर्ष

चमार जातिको सामाजिक साँस्कृतिक अवस्थाको अध्ययन गर्दा यस जातिको एतिहासिक कालदेखि नै उत्पति भएको दलित समूह अन्तर्गत पर्ने धर्मबाट प्रभवित जातिका रुपमा ल्याइन्छ । यस वडामा बसोबास गर्ने यस जातिमा धर्म प्रति स्वतन्त्रता र असमानता पाईन्छ । यस जातिको कुल जनसंख्या १०० प्रतिशतले हिन्दु धर्म माने पनि हिन्दू धर्म भित्र राम पन्थी (सम्प्रदाय) ८९.२८ प्रतिशत अर्थात ५० घरमूली, कबीपन्थी, (कबीरलाई गुरु मान्ने) ८.९२ प्रतिशत अर्थात ५ घरमूली र जिशषलाई गुरु मान्ने १.७८ प्रतिशत अर्थात १ घरमूलि रहेको देखिन्छ । नेपालका अन्य जातिहरुको जस्तै यस जातिमा पनि महिलको स्थित पुरुषहरुको भन्दा दमित अवस्थामा नै रहेको पाईएको छ । यस जातिमा पनि विधवा विवाह, अन्तरजातिय विवाहलाई हेला र घृणाको भावनाले हेर्ने तर विदुर विवाहलाई भने स्वाभाविक रुपमा नै लिने गरेको पाईन्छ । त्यस्तै यस जातिमा छोरा छोरीको विवाह गर्दा पनि विवाह गर्ने केटीलाई केटा छान्ने वा रोज्ने अधिकार हुदैन भने घरको काममा पनि छोरा र छोरीमा केही रुपमा भेदभाव नै भएको देखिन्छ । छाला सम्बन्धी कार्यलाई परम्परागत पेसाको रुपमा स्वीकार गरेको भए पनि हाल आधुनिकिकरणले स-साना खुद्रा व्यापार, मझौला व्यवसायमा पनि सामेल भई जीवन यापन गरेको देखिन्छ । यी जातका मानिसहरु अन्य जात जस्तै चाडपर्व, धर्मकर्म गर्नमा बढी समय खर्च गरेको पाइन्छ । सामाजिक परम्परागत अनुसार विभिन्न उत्सव छठियार , अन्न प्रासन, विवाह, गृहप्रवेश, भगवान पूजा आदि जस्ता कार्यक्रम भव्य रुपमा मनाइ भोज भतेर गरी रुपैया पैसा खर्च गरेको देखिन्छ ।

## ५.३ सुझावहरु

चमार जातिको जीवन स्तर न्यूनस्तर मध्यम स्तर तिर लम्केको तथ्य माथिको अध्ययनले प्रष्ट पारेको छ । यिनीहरुको चौतर्फी विकास गरी मानवोचित तरिकाले जीवन यापन गर्न सक्षम बनाउन निम्न बुँदाहरुलाई सुझावको रुपमा उल्लेख गर्न सकिन्छ ।

क) शिक्षा तर्फ यो जाति पूर्ण उदासिन नरहेपनि उच्च शिक्षा हासिल गर्न शैक्षिक गतिविधिमा अग्रसर गराएर परम्परा देखि पालिदै आएको अन्धविश्वास, रुढिवादीलाई निर्मूल पार्न अति आवश्यक देखिन्छ ।

ख) नेपाल सरकारका योजनाहरुले बार्षिक कार्यक्रमहरु बनाउदा यस जाीतको उत्थानका निम्ति विशेष योजनाहरु बनाउनु पर्ने देखिन्छ ।

ग) यस वडा अन्तर्गत खेती गर्ने जग्गा प्रशस्त रहेपनि सुलभ सिँचाइको अभावले उक्त खेतीहरुमा उन्नत जातका बाली नाली लगाएर कृषि उत्पादन बढाउन सकिने देखिन्छ ।

घ) स्थानिय निकायका सरकारी वा गैरसरकारी संस्थाहरुले यिनीहरुको सामाजिक, सांस्कृतिक तथा आर्थिक विकास हुन कार्यक्रम ल्याउनु पर्दछ ।

ङ) चमार जातिको थप स्वास्थ्य सुविधाको लागि स्वास्थ्य चौकी, सरसफाई परिवार नियोजन सम्बन्धि अवधारणामा व्यापक रुपमा प्रचारप्रसार गरी यिनीहरुको चेतनामा अभिवृद्धि गर्न सकिन्छ ।

च) वेरोजगारी तथा अर्धवेरोजगारी रुपमा रहेका यस जातिका मानिसहरुलाई सीपमूलक व्यवसायिक तालिम दिई अन्य व्यवसाय तर्फ उन्मुख गराउनु पर्ने देखिन्छ ।

छ ) देशको लोक सेवा, शिक्षक सेवामा यस जातिको प्रवेश ज्यादै कम भएको हुनाले उनीहरुलाई सरकारी वा गैरसरकारी सेवामा बढी प्रवेश गराउन विशेष पहल गर्न आवश्यक देखिन्छ ।

ज) देशको सामाजिक, साँस्कृतिक तथा आर्थिक आदि पक्षमा पनि राजनीतिले प्रभाव पार्ने भएकोले राजनैतिक नियुक्तिहरुमा पनि यस जातिको प्रतिनिधित्वका लागि विशेष पहल गर्नु पर्ने देखिन्छ ।

झ) चमार जातिको महिला वर्ग अझ पनि केही मात्रामा चार पर्खाल भित्र सिमित रहने गरेकाले उनीहरुलाई सीपमूलकं तालिम प्रदान गरी आय मूलक विशेष कार्यक्रमहरु सञ्चालन गर्नु पर्ने देखिन्छ ।

ञ) यस जातिमा मुण्डन, विवाह, मृत्यु पश्चात हुने भोज भतेर, छोरीलाई दाइजो दिनु पर्ने आदि जस्ता अनावश्यक खर्च न्यूनीकरण गर्नु पर्ने, विशेष कार्यक्रमहरु सञ्चालन गर्नु पर्ने देखिन्छ ।

ट) यस जातिलाई कतै कतै अहिले पनि छुवाछुतको घटना भइरहेकोले सरकारलाई यस सम्बन्धी जनचेतना कार्यक्रमहरु गरेर यसको अन्त्य गर्नु पर्ने देखिन्छ ।

## सन्दर्भसामाग्री सूची


आर्चाय, बलराम (२०६२) *नेपाली समाज र साँस्कृतिका उपागमहरु,* काठमाडौं : सनलाइट प्रकाशन कीर्तिपुर

*केन्द्रीय तथ्याङ्क विभाग* (२०६८) राट्रिय जनगणना, काठमाडौं

खत्री, डा.प्रेम कुमार (२०६९) *नेपाली समाज र साँस्कृतिका उपागमहरु,* काठमाडौं भुँडी प्रकाशन

नेपालको संविधान २०७२

पासवान, दिपेन्द्र (२०६९), *नेपालका दलित जाति र त्यसको अवस्था*

पंडित, हरिकृष्ण (१९९१) बम्बै संस्करण ब्राह्मणोत्पति मार्तण्ड

*बस्तुगत विवरण* (२०७६) कल्याणपुर नगरपालिका, सिरहा

महतो मनाई (२०७४) *डिमनका पिछडा वर्ग,* राजविराज, सप्तरी

महरा, शिवकुमार (२०५५), *चमार आन्दोलनको अन्योल र वास्तविकता,* दलित विकास मञ्च सिरहा

रेग्मी, केशव प्रसाद (२०७३), *सहकारी गति विधि डिभिजन सहकारी कार्यलय लहान,* सिरहा

विश्व खाद्य कार्यक्रम (२०७५) कल्याणपुर नगरपालिका

सुवेदी, विजय राज (२०६९), *जिल्ला विकास योजना,* जिल्ला विकास समिति सिरहा

ज्ञवाली गिरीराज, (२०७४) *पार्श्व चित्र,* गोलबजार नगरपालिका

ज्ञवाली, गोकर्ण प्रसाद (२०६९) *नेपाली समाज र साँस्कृतिका उपागमहरु,* काठमाडौं भुँडीपुराण प्रकाशन


## अनुसूची - १

## रामप्रताप रामप्रसाद तामाङ्ग जनता बहुमूखी क्याम्पस गोलबजार

## अन्तरवार्ता सूची

**१. घरमूलीको परिचयः**

(क) नाम, थर...........................................

(ख) उमेर ..........वर्ष...........

(ग) पेशा ..................

(घ) लिङ्गः महिला पुरुष

(ङ) धर्म ..................

(च) शिक्षा ...................

२. तपाई यो गाँउको मधेशी हो ?

(क) हो (ख) होईन

३. यदि मधेशी होईन भने कहाँबाट कहिले यस गाउँमा बस्न थाल्नु भएको हो ?

...............................................................................................

४. तपाईको परिवारमा कति सदस्यहरु छन् ?

परिवार संख्या : .......................................

(क) पुरुष .............संख्या (ख) महिला ............संख्या

५. तपाईको परिवार कस्तो प्रकारको छ ?

(क) संयुक्त परिवार (ख) एकल परिवार (ग) वृहत परिवार

६. परिवारका सदस्यहरुसँग तपाईको के के नाता पर्दछ ? खुलाउनु होस् ।

| क्र.सं. | घरमुली सं.को नाता | उमेर | लिङ्ग | विवाहित | अविवाहित | शिक्षा |
|---|---|---|---|---|---|---|
| | | | | | | |

७. के तपाइहरु संयुक्त परिवारमा बस्नुहुन्छ ?

(क) हो (ख) होईन

८. यदि संयुक्त परिवारमा हुनुन्थ्यो भने किन छुट्टिनु भयो ?

(क) घरमुलीको हातमा भएको अधिकारलाई मन नपराएर

(ख) बाल-बच्चाकाबीचमा झगडा भएर

(ग) महिला-महिलाविचमा झगडा भएर

(घ) गरिबीको कारण

(ङ) आफै खाउँ आफै लाउँ भन्ने भावना बोकेर

९. तपाईको आफ्नो कोखबाट जन्मिएका छोराछोरी कति छन ?

(क) छोराको संख्या ....... (ख) छोरीको संख्या .........

१०. तपाईको शैक्षिक स्थिति कस्तो छ ?

(क) शिक्षित (ख) साक्षर (ग) निरक्षर

११. तपाईको विवाह कसरी भयो ?

(क) बाबुआमाले मिलाएर (ख) केटाकेटी मन्जुरीमा (ग) करकापमा परेर

१२. के तपाईलाई सबै मानिसले विवाह गर्नु पर्छ जस्तो लाग्छ ?

(क) लाग्छ (ख) लाग्दैन

१३. तपाईको सन्तानको विवाह गर्दा केटाकेटी छान्ने अधिकार कसलाई हुन्छ ?

(क) बाबुआमालाई (ख) केटाकेटी दुवैलाई (ग) बाबुआमा र नातेदालाई

१४. यस जातिमा प्राय कतिवर्षको उमेरमा विवाह गर्ने गरिन्छ ?

(क) केटा.........वर्ष (ख) केटी ...........

१५. यस जात भित्र आफ्ना कति पुस्तासम्म विवाह गर्नु हुदैन ?

(क) बाबुपट्टि.......... (ख) आमापट्टि

१६. तपाईलाई अन्तरजातीय विवाह कस्तो लाग्दछ ?

(क) राम्रो (ख) नराम्रो

१७. किन ? ...............................................................................................

...............................................................................................................

१८. तपाईको परिवारमा अन्तरजातीय विवाह भएको छ ?

(क) छ (ख) छैन्

१९. तपाईको विचारमा विधवा-विदुरहरुले पुनः विवाह गर्नु हुन्छ, हुदैन ?

(क) हुन्छ (ख) हुदैन

२०. यदि हुन्छ भने कसलाई र कुन अवस्थामा ?

.......................................................................................................................

.......................................................................................................................

२१. तपाइँको यस जातिमा कति किसिमको विवाह प्रचलित छ ?

.......................................................................................................................

.......................................................................................................................

२२. तपाईहरुले परिवार नियोजन गर्नुभएको छ ?

(क) छ (ख) छैन

२३. छ भने कसले ?

(क) पुरुषले (ख) महिलाले

२४. कस्तो ?

(क) स्थाई (ख) अस्थाई

२५. तपाई कुन पेशा अपनाउनु हुन्छ ?

(क) कृषि (ख) व्यापार (ग) नोकरी (घ) मजदुरी

२६. यस जातिको परम्परागत पेसा कृषि (खेतीपाती गर्ने) काम प्रति तपाइलाई कस्तो लाग्दछ ?

(क) राम्रो (ख) नराम्रो

२७. तपाईलाई आफ्नो सन्तानले भविष्यमा कुन पेशा अपनाउन भन्ने लाग्दछ ?

..................................................................................................................

..................................................................................................................

२८. तपाई आफ्ना परम्परागत पेशालाई बचाउन कुन तालिम लिनु भएको छ ?

(क) छ (ख) छैन

छ भने तालिम

..................................................................................................................

२९. कुन कारणले गर्दा तपाईलाई आफ्नो पेसा प्रति निरास आएको जस्तो लाग्दछ ?

..................................................................................................................

..................................................................................................................

३०. तपाईको परिवारको सदस्य बिरामी भए कहाँ लैजानु हुन्छ ?

(क) धामी/झाक्री (ख) डाक्टर/वैद

३१. तपाईको घरबाट स्वास्थ्य चौकी जान कति समय लाग्छ ?

(क) ................मिनेट (ख) थाहा छैन

३२. तपाईलाई भूत/प्रेत धामी बोक्सी प्रति विश्वास छ ?

(क) छ (ख) छैन (ग) थाहा छैन

३३. तपाई चुरोट /विडी/सुर्ति/तमाखू खानु हुन्छ ?

(क) खान्छु (ख) खान्न

३४. तपाई जाड रक्सी खानु हुन्छ ?

(क) खान्छु (ख) खान्न

३५. तपाई गाईवस्तु पाल्नु भएको छ ?

(क) छ (ख) छैन

३६. छ भने कति वटा ?

(क) गाई...... (ख) बाख्रा.......(ग) बंगुर........(घ) कुखुरा.......

(ङ) भैसी........ (च) अन्य........

३७. तपाईले आफ्नो बच्चाहरु कहाँ जन्माउनु भयो ?

(क) अस्पतालमा (सरकारी/निजी) (ख) घरमा (ग) स्वास्थ्य चौकीमा

३८. तपाईको घरमा बच्चा जन्मिए पश्चात न्वारन गर्ने प्रचलन छ ?

(क) छ (ख) छैन (ग) थाहा छैन

३९. यदि छ भने कति दिनमा गर्ने गरिन्छ ?

(क) ........................दिन

४०. नवजात शिशुको नामाकरण गर्ने अधिकार कसलाई हुन्छ ?

(क) आमा (ख) बाबु (ग) परिवारको सल्लाहमा

४१. तपाईको परिवारको लागि खानेपानीको मुख्य स्रोत कुन हो ?

(क) धारा (ख) कल (ग) अन्य

४२. तपाई घरको काम बाहेक अन्य केही काम गर्न जान्नु हुन्छ ?

(क) जानु ......... (ख) जान्न ...........

४३. तपाईको आफ्नो काममा घरको अन्य पुरुष सदस्यहरुले सहयोग गर्दछन ?

(क) गर्दछन (ख) गर्दैनन्

४४. तपाईको घरको बनावट कस्तो छ ?

(क) कच्ची (ख) पक्की

४५. तपाई धर्म प्रति विश्वास गर्नुहुन्छ ?

(क) गर्छु (ख) गर्दिन (ग) थाहा छैन

४६. यदि गर्नु हुन्छ भने तपाई कुन धर्म मान्नु हुन्छ ?

(क) हिन्दू (ख) बौद्ध (ग) अन्य

४७. तपाईको समुदायमा चाडपर्वहरु मनाउने चलन छ ?

(क) छ (ख) छैन

४८. यदि छ भने तपाईको मुख्य चाडपर्वहरु कुन कुन हुन् ?

.......................................................................................................................

४९. तपाईलाई यस जातिको सांस्कृति स्तर उठाउन के के गर्नु पर्छ जस्तो लाग्छ ?

.......................................................................................................................